जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक १५, २०७९ साल भदौ १७ गते शुक्रबार, नेपाल संवत् ११४२ (Sept. 2, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सुरू भयो गौरा पर्व

काठमाडौं । सुदूरपश्चिमको मौलिक पर्व गौरा हिजोदेखि विधिवत् रूपमा सुरु भएको छ । भाद्र शुक्लपक्ष पञ्चमीदेखि सुरु हुने यो पर्व पहिलो दिन घरघरमा बिरुडा राखी मनाइयो । पहिलो दिनलाई बिरुडा पञ्चमी भन्ने गरिन्छ । व्रतालु महिलाले घरमा 'बिरुडा' (पाँच प्रकारका अन्न तथा गेडागुडी) भिजाएर गौराको सुरुवात गरिन्छ ।

तामाको भाँडोलाई गाईको गोबरले लिपेर दुबो र अक्षताले सिँगारपटार गरी त्यसभित्र पञ्च अन्न मास, कलौं, गहत, गहुँ र गुरुस भिजाएर बिरुडा बनाउने चलन छ । बिरुडालाई गौरीको प्रसादका रूपमा लिइन्छ । गौरादेवीको पूजाआजामा पनि बाँकी ८ पेजमा

## विश्व स्वास्थ्य संगठनको चेतावनी

काठमाडौं । विश्व स्वास्थ्य संगठनले जाडो मौसममा कोभिड-१९ का सक्रमितको मृत्यु तथा अस्पताल भर्ना दर थप बढ्न सक्ने जनाएको छ ।

विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोस आधनम ग्याब्रेसियसले जेनेभामा पत्रकारसँगको कुराकानीका क्रममा सो कुरा बताएका हुन् ।

उनले भने "हामीले अहिले कोरोना भाइरसको घट्दो दरका साथमा यसको स्वागत गरिरहेका छौं तर अबका दिनमा आउने चिसो मौसममा भने यस सङ्क्रमणको असर अझ बढी देखिन सक्छ, हामी अहिलेदेखि नै बाँकी ८ पेजमा

# नैतिक संकटमा राष्ट्रपति भण्डारी

काठमाडौं । सत्ता पक्षको बहुमत रहेको राष्ट्रिय सभाले पनि राष्ट्रपतिबाट फिर्ता भएको नागरिकता ऐन संशोधन विधेयकलाई हुबहु पारित गरेको छ । साउन २९ गते राष्ट्रपतिबाट १५ बुँदामा पुनर्विचारका लागि फिर्ता भएको विधेयकलाई प्रतिनिधिसभाले भदौ २ गते जस्ताको तस्तै पारित गरेको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले 'राजनीति गरेको' बुझाइमा रहेको सत्ता गठबन्धनले राष्ट्रियसभामा पनि कुनै हेरफेर नगरी जस्ताको तस्तै पारित गरेको हो । यसअघि राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले सरकारद्वारा प्रस्तुत नेपाल नागरिकता ऐन २०६३ संशोधन गर्न बनेको विधेयक बहुमतले प्रमुख प्रतिपक्षी दल एमालेले तीन बुँदे लिखित फरक मत दर्ज गरेको थियो । वैवाहिक अंगीकृत नागरिकतामा सात वर्षे प्रावधान, प्रादेशिक पहिचान र स्वघोषणालाई ऐनमै उल्लेख गरिनुपर्ने फरक मतमा उल्लेख छ । १५ सदस्यीय विधायन व्यवस्थापन समितिमा सत्ता गठबन्धनको बहुमत रहेकाले विधेयक हुबहु पारित भएको थियो । स्वतन्त्र हैसियतका राष्ट्रिय सभा सदस्य खिमलाल देवकोटा र विमला राई पौडेलले पनि लैंगिक समानता र अंगीकृतमा फरक मत दर्ज गरेका थिए ।

सरकारले फास्ट ट्र्याक प्रक्रियाबाट पारित गर्न नागरिकतासम्बन्धी विधेयक संसदमा दर्ता गरेदेखि नै विभिन्न पक्षबाट समर्थन र विरोध भइरहेको छ । विधेयकले यसअघि जन्मका आधारमा नेपालको नागरिकता पाएको व्यक्तिका सन्तानलाई वंशजको नागरिकता दिने प्रबन्ध गरेको छ । पुराना संविधानले वंशज, अंगीकृत र जन्मका आधारमा गरी तीन प्रकृतिका नागरिकता प्रचलनमा ल्याएकामा नयाँ संविधानले जन्मका आधारमा दिइने नागरिकतासम्बन्धी व्यवस्थालाई हटाएको थियो । तर त्यसअघि नै जन्मका आधारमा नागरिकता पाएका (२०४६ चैत मसान्तसम्म नेपालमा जन्मिएर स्थायी रुपमा बसोबास गरी २०६४ संविधान सभाको निर्वाचनअघि निवेदन दिएर पाएका मात्र) करिब १ लाख ९० हजार वंशजको नागरिकता प्रदान गर्ने व्यवस्था २०७२ को संविधानमा गरिएको छ । गैर आवासीय नेपालीलाई



पनि निश्चित सीमासहित नागरिकता प्रदान गर्ने अर्को प्रावधान छ । त्यसैका लागि कानुन बनाउन अहिले विधेयक ल्याएको सत्ता पक्षको तर्क छ । जन्मका आधारमा नागरिकता पाएका व्यक्तिका सन्तानले वंशजको नागरिकता पाउने र गैरआवासीय नेपालीलाई नागरिकता दिने दुवै प्रावधानमा खास विवाद छैन । विवाद भने वैवाहिक अंगीकृत नागरिकतासम्बन्धी प्रावधानमा छ ।

अहिले नागरिकतासम्बन्धी हकलाई नियमन गर्ने कानुन २०६३ को 'नेपाल नागरिकता ऐन' हो । उक्त ऐनको दफा ५ (१) मा नेपाली नागरिकतासँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिँदा नेपाली नागरिकतासँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पेश गर्नुपर्ने व्यवस्था छ । ०६३ मा मात्र होइन, नागरिकता संशोधन ऐन ०४९ मा पनि यही प्रावधान थियो । वैवाहिक अंगीकृत नागरिकताका लागि अन्तर्राष्ट्रिय अभ्यासलाई मध्यनजर गर्दै निश्चित समय सीमा तोकिनुपर्छ भन्ने अहिलेको माग हो । सरकारले ल्याएको विधेयकमा समयसीमा राखिएको छैन ।

ओली नेतृत्वको तत्कालीन नेकपाको सरकारले २०७५ साउन ४ मा प्रतिनिधिसभामा दर्ता गराएको नागरिकतासम्बन्धी विधेयकमा पनि वैवाहिक अंगीकृतका लागि समय सीमाको प्रावधान थिएन । तर उक्त विधेयकमा वैवाहिक नागरिकता प्राप्त गरेको ६ महिनाभित्र विदेशको नागरिकता त्यागेको प्रमाण पेस गर्नुपर्ने व्यवस्था थियो । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले २०७७ असार ७ मा पास गरेको प्रतिवेदनमा नेपाली नागरिकतासँग विवाह गरेकी विदेशी महिलाले अंगीकृत नेपाली नागरिकता लिन चाहे नेपालमा निरन्तर सात वर्षसम्म स्थायी बसोबास गरेको हुनुपर्ने प्रावधान राखेको थियो । तत्कालीन नेकपाका सांसदहरूको बहुमतमा पारित प्रतिवेदनमा नेपाली कांग्रेस र मधेस केन्द्रित दलका सांसदको फरक मत थियो । शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले असार २१ मा उक्त विधेयक फिर्ता लिएर तीन दिनपछि अहिलेको विधेयक प्रतिनिधिसभामा दर्ता गराएको हो । जसमा राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको अंगीकृतको सातवर्षे प्रावधान हटाइएको छ । समितिमा छलफल नै नगरी समितिलाई बाइपास गरेर विधेयक बलजफ्ती ल्याइएको छ ।

०६३ अघिसम्म नेपालमा नागरिकता ऐन २०२० प्रचलनमा थियो । उक्त ऐनमा २०३३ सालमा गरिएको संशोधनले नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिला नेपालमा ५ वर्ष बसोबास गरेपछि अंगीकृत नागरिकता पाउन योग्य हुने व्यवस्था गरेको थियो । नेपालको संविधान २०१९ लाई २०३२ मा दोस्रो पटक संशोधन गर्दै वैवाहिक अंगीकृत नागरिकता पाउन विदेशी महिलाको हकमा बाँकी ८ पेजमा

## स्याम्पल उठाउँदै रकम असुल्दै

काठमाडौं । दशैं तिहार र छठ नजिकिँदै गर्दा खाद्य उपभोक्ताको वस्तु उपभोग गर्ने प्रवृत्ति बढ्दै जाने समयमा गुणस्तरीय वस्तु बजारमा बिक्री वितरण भए नभएको जाँच गरी गुणस्तरहीन खाद्य वस्तु फेला परे त्यस्ता खाद्यवस्तु जफत गरी नष्ट गर्ने, त्यस्ता वस्तु बिक्री गर्ने व्यापारीलाई कार्यबाही गर्ने जिम्मा लिएर बसेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको नेतृत्व भने कमाउ धन्दामा सक्रिय रहेको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य सामग्री, फलफूल, दूध, पानीलगायत वस्तुको गुणस्तर स्याम्पल संकलन गरी त्यसको जाँच गर्ने अधिकारको दुरुपयोग गरी व्यापारी, व्यवसायी र उत्पादकबाट व्यापक रुपमा रकम असुली गर्ने गरेको चर्चा अहिले विभागभित्रै प्याप्त छ ।

खाद्य अनुसन्धानले बिस्कुट, चकलेट, चाउचाउ, आइसक्रिम, दूध, पानी, बेकरीजस्ता उत्पादकको स्याम्पललाई ल्याबमा आफ्नो अनुकूल क्वालिटी बाँकी ८ पेजमा

## ऋषिपञ्चमीको पूजासँगै बिदा भयो तीज

काठमाडौं । हिन्दू महिलाहरूको महान चाड तिज देश विदेशमा रहेका नेपाली नारीहरूले हर्ष उमंगका साथ नाचगान गर्दै हिजो ऋषिपञ्चमीको पूजा गरेर बिदा गरेका छन् । भाद्र शुक्ल पञ्चमीका दिन मनाइने ऋषिपञ्चमी नेपाली हिन्दू नारीहरूले अरुन्धतीसहित सप्त ऋषिको पूजा आराधना गरेका छन् । महिलाले बिहानै उठेर नित्यकर्म गरी नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई तीन सय ६५ वटा दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो एवं खरानी लगाई स्नान गरे । स्नानपछि अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गर्ने चलन छ । जसलाई ऋषिपञ्चमीको पूजा लगाउने भनिन्छ । सप्त ऋषिको पूजा गर्ने पञ्चमी भएकैले यस दिनलाई ऋषिपञ्चमी भन्ने गरिएको हो ।

ऋषिपञ्चमीको अवसरमा काठमाडौँको टेकु, मूलपानीलगायत मुलुकभरका ऋषेश्वर मन्दिरमा पूजाआजाका लागि श्रद्धालु महिला भक्तजनको बाँकी ८ पेजमा

## जिटुजी सम्झौता कहिले कार्यान्वयन हुने ?

काठमाडौं । सरकारले वैदेशिक रोजगारीका लागि जापानसँग जिटुजी (सरकार-सरकारबीच) सम्झौता गरे पनि अझै कामदार पठाउन सकेको छैन । दुई देशबीच सन् २०१९ को मार्चमा जापानमा नेपाली कामदार लैजाने विषयमा श्रम समझदारीपत्रमा हस्ताक्षर भएको थियो । उक्त समझदारीपत्र कार्यान्वयनमा अझै अलमल भइरहेको छ ।

जापानसँग भएको मेमोरेण्डम अफ को-अपरेसन (एमओसी)मा नेपालबाट स्पेसिफाइड स्किल वर्कर (एसएसडब्ल्यू) अर्थात् भाषा र सीप भएका कामदार रोजगारीका लागि जान पाउने उल्लेख गरिए पनि दुई देशका सम्बन्धित प्रतिनिधिहरू बैठक बस्नुबाहेक अरू प्रगति भएको छैन । एमओसीमा उल्लेख भएअनुसार साढे पाँच हजारभन्दा बढी नेपाली युवाहरू भाषा र सीप परीक्षा उत्तीर्ण गरेर जापान रोजगारीका लागि प्रतीक्षारत छन् । अहिले भाषा र सीप पास गरेर बसेका युवाहरू जापान जान पाइने हो कि होइन भन्ने बाँकी ८ पेजमा

## सरकारको सार्वजनिक ऋणको भार चुलिँदै

काठमाडौं । सरकारले विभिन्न समयमा लिएर तिर्न बाँकी सार्वजनिक ऋणको भार निरन्तर चुलिएर करिब २० खर्ब ११ अर्ब ५८ करोड रुपैयाँ पुगेको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७८-७९ को वार्षिक तथ्यांकमा आधारित 'देशको वर्तमान आर्थिक तथा वित्तीय अवस्था' प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा अहिले एक वर्षमै सार्वजनिक ऋण २ खर्ब ७७ अर्ब ११ करोड रुपैयाँले बढेको हो । आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा नेपालले तिर्न बाँकी ऋण १७ खर्ब ३४ अर्ब ४७ करोड रुपैयाँबराबर थियो । यस्तो ऋणको भार बढेर गत असार मसान्तसम्म २० खर्ब ११ अर्ब ५८ करोड रुपैयाँ नाघेको हो ।

सरकारले गत आर्थिक वर्ष २०७८-७९ मा मात्र २ खर्ब ३८ अर्ब रुपैयाँ लिनेगरी सम्झौता गरेको थियो । जसमध्ये १ खर्ब ४४ अर्ब ६० करोड रुपैयाँ ऋण सहायता हो । हाल निरन्तर चुलिएको सरकारी सार्वजनिक ऋणले नेपालीको प्रतिव्यक्ति ऋणभारसमेत बाँकी ८ पेजमा

## सम्पत्ति शुद्धीकरण : नेपाल "ग्रे लिस्ट" मा पर्ने खतरा

काठमाडौँ । सम्पत्ति शुद्धीकरण निवारणमा हेलचेक्र्याइँ गर्दा नेपाल 'ग्रे लिस्ट' मा पर्न सक्ने जोखिम बढ्दै गएको छ । भ्रष्टाचार, राजस्व छली, हुन्डी, क्रिप्टो कारोबारलगायत वित्तीय अपराधका घटना न्यूनीकरणमा सरकारी नीति र संयन्त्रहरू असफल हुँदा यस्तो जोखिम बढेको हो ।

सम्पत्ति शुद्धीकरण मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय निकाय एसिया प्रशान्त समूह (एपीजी) र फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटीएफ) ले यसै वर्ष नेपालको मूल्यांकन गर्दै छ । अहिले प्राविधिक मूल्यांकन चलिरहेको छ । तर, सरकारी अधिकारीहरू भने सम्पत्ति शुद्धीकरण निवारणमा नेपालले आफ्नो स्थिति सुधार गर्नेभन्दा उल्टै कमजोर भएर ग्रे लिस्टमा पर्न सक्नेबारे चिन्ता जनाइरहेका छन् । विद्यमान कानुनी व्यवस्थाहरू समायानुकूल अद्यावधि हुन नसक्दा तथा भएका कानुनको पालनामा समेत नेपाल कमजोर देखिँदा ग्रे लिस्टको जोखिम बढेको उनीहरूको भनाइ छ ।

संघीय संसदअन्तर्गतको अर्थ समितिले सम्पत्ति शुद्धीकरणमा नेपालको अवस्था र आगामी कार्यदिशाबारे बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानुन मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल राष्ट्र बैंकसँग छलफल गरेको थियो । छलफलका क्रममा सरकारी अधिकारीहरूले नेपाल 'ग्रे लिस्ट' मा पर्ने सक्ने जोखिम औंल्याएका हुन् ।

नेपालका विद्यमान कानुनमा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित ४० प्रतिशत बढी विषयहरू समेट्न नसकेको राष्ट्र बैंकका निर्देशक हरिकुमार नेपालले बताए ।

राष्ट्रिय जोखिम मूल्यांकन प्रतिवेदन, २०२० अनुसार नेपालमा सम्पत्ति शुद्धीकरणको उच्च जोखिम भएका क्षेत्रमा भ्रष्टाचार, राजस्व छली, वित्तीय अपराध (बैंकिङ कसुर) र हुन्डी छन् । त्यस्तै, लागूऔषध ओसारपसार, संगठित अपराध, आपराधिक लाभ, आन्तरिक आतंकवाद, ठगी, चोरी, नक्कली मुद्राको कारोबार, कालोबजारी तथा तस्करी, किर्तेलगायतका अपराधबाट मध्यमस्तरीय जोखिम रहेको देखिन्छ ।

नेपालले सम्पत्ति शुद्धीकरणसम्बन्धी गरेको प्रयास र त्यसको प्रभावकारिता मूल्यांकनको प्रतिवेदन एपीजीलाई बुझाइसकेको छ । प्रतिवेदन बुझाइसकेपछि एपीजीबाट आएका प्रश्नहरूको जवाफ दिने काम भइरहेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले जनाएको छ । एपीजी टोली नेपालको पारस्पारिक मूल्यांकनका लागि आगामी असोज ४ मा नेपाल आउँदै छ । त्यस्तै, दोस्रो चरणको स्थलगत अध्ययनका लागि आगामी मंसीरमा एपीजी टोली नेपाल आउनेछ ।

नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टमा पर्नु भनेको अन्तर्राष्ट्रिस्तरमा साख गुम्नु हो । यसले एकातिर आन्तरिक रूपमा वित्तीय अपराध बढेको संकेत गर्छ भने अर्कोतिर अन्तर्राष्ट्रिय सम्बन्धलाई पनि कमजोर तुल्याउँछ । नेपाललाई अन्तर्राष्ट्रिय जगत्ले विश्वास नगर्ने अवस्था पनि आउँछ । अन्तर्राष्ट्रिय बैंकिङ कारोबारमा अवरोध सृजना तथा लागत वृद्धि, प्रतीतपत्रमा असर गर्ने तथा अन्तर्राष्ट्रिय बजारमा नेपालको बैंकिङ क्षेत्रको सम्बन्धविच्छेद हुन सक्नेजस्ता समस्या देखिन्छन् ।

त्यसैगरी, विप्रेषणको लागत बढ्ने र हुन्डी कारोबार मौलाउने, वैदेशिक सहायता तथा लगानी निरुत्साहन हुन्छ । वित्तीय साखमा कमी आउने र अन्तर्राष्ट्रियस्तरमा नेपाली नागरिक तथा सरकारको बाँकी ८ पेजमा

## विलासिताका वस्तुको आयातमा प्रतिबन्ध कायमै

काठमाडौं । नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गर्दै सरकारले महँगा सवारीसाधन, मदिरा, मोटरसाइकल र मोबाइल आयातमा लगाएको प्रतिबन्धको म्याद फेरि बढाएको छ ।

मन्त्रिपरिषद्को सोमबारको बसेको बैठकले यस्तो निर्णय गरेसँगै विलासिताका वस्तुका रूपमा लिइएका यी चार किसिमका बाँकी ८ पेजमा

## टी-२० मा नेपाल विजयी

काठमाडौं । केन्यालाई ३१ रनले पराजित गर्दै नेपालले टी-२० शृङ्खला जितेको छ । पाँचौं तथा निर्णायक खेलमा केन्यालाई पराजित गर्दै नेपालले शृङ्खला जितेको हो ।

नेपालले दिएको एक सय ७६ रनको लक्ष्य पछ्याएको केन्याले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ४४ रनमात्रै बनायो । केन्याका लागि नेहेमिह ओधिआम्बोले ३७ र शेम एनगोचेले ३३ रनको बाँकी ८ पेजमा

## दलनायक, गुटनायक, जातनायक, भ्रष्टनायक र नालायकहरू

समय सन्दर्भ

**युवराज गौतम**

निकिता खुस्चेभ क्रेमलिनमा बसेर धेरै राष्ट्रका करोडौं कम्युनिस्टलाई 'कमान्ड' गर्ने प्रबल नेता थिए । तत्कालीन सोभियत संघका ती सर्वाधिकारीको अन्तर्वार्ता लिने नेपालका पत्रकार थिए, कृष्णप्रसाद भट्टराई । सत्यनारायणबहादुर राजभण्डारीलगायतका युवा मिलेर खोलेको 'नेपाल युनियन अफ जर्नलिस्ट' संस्थाको सभापति छँदा मस्को पुगेका कृष्णप्रसाद भट्टराईका दाजु गोपालप्रसाद भट्टराई गोरखापत्र दैनिकका प्रधानसम्पादक भए । कृष्णप्रसाद प्रधानमन्त्री बने ।

महाकाली सन्धि गरेमा नेपाललाई हरेक साल अर्बौं रूपैयाँ प्राप्त हुनेछ भन्ने एकजना कम्युनिस्टले अहिले आएर महाकाली सन्धि गरेर गल्ती गरिएछ भनेका छन् । गल्ती गरेर खल्ती भरेपनि वा खल्ती भरेर गल्ती गरेपनि नेपाली राजनीतिमा अक्षम्य मानिँदैन । कतिपय राष्ट्रमा प्रचलन, परम्परा वा जनमतलाई शिरोधार्य गरेर संवैधानिक प्रावधानजस्तै शक्तिशाली प्रब्न्ध गरिएका उदाहरण छन् । इटलीमा जन्मेकी युरोपियन क्रिस्चियन सोनिया गान्धीले जवाहरलाल नेहरूले हाँकेको दलको अध्यक्ष बन्नसम्म पाइन् । तर विदेशमा जन्मिएकै कारणले भारतको प्रधानमन्त्री बन्ने उनको इच्छा पूर्ण भएन ।

विदेशी मूलका मानिसलाई राष्ट्रपति, प्रधानमन्त्री, सेनापति लगायत महत्वपूर्ण पदमा पुऱ्याउने बाटो खोल्ने हो भने अनर्थ हुन्छ भन्ने बुझेर अधिकांश राष्ट्रले नागरिकताका बारेमा कठोर कानुन बनाएका छन् । जर्मनीको फर्थमा सन् १९२३ मा जन्मेका विद्वान् कूटनीतिज्ञ हेनरी किसिन्जर अमेरिकाको विदेशमन्त्री र राष्ट्रपति रिचर्ड निक्सनका सल्लाहकार भए तर राष्ट्रपति बन्न पाएनन् ।

एकाउन्न प्रतिशत व्यक्तिले राष्ट्रघातीलाई समर्थन गरे भने ४९ प्रतिशत इमानदार, सज्जन र देशभक्तहरूको आवाज मधुरो सुनिन्छ । यस्तो प्रणालीमा 'सत्य मेव जयते' नै मिथ्याको दास बन्छ । 'मिथ्या मेव जयते' अंक गणितकै आधारमा बलियो बन्छ । एकाउन्न प्रतिशतको टिमका खेलाडीहरू जतिसुकै अपराधी भए पनि समाज र राष्ट्र उनीहरूकै आदेशमा चल्छ ।

श्री ३ जंगबहादुर राणाका कर्मचारी थिए, कालीदास कोइराला । श्री ३ चन्द्रशमशेरका पालामा पनि २६ वर्ष उच्चपदस्थ भएर बसे उनी । कालीदासका भाइ कृष्णप्रसाद कोइरालाका जेठा छोरा तथा पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले विसं १९९० को भूकम्पपछि आफू विराटनगरबाट जागिर खोज्दै आएर जेठाबा कालीदासकै घरमा काठमाडौँमा बसेको लेखेका छन् ।

'अ रोल इन अ रिभोल्युसन' नामक ग्रन्थमा मातृकाले निजामती क्षेत्रमा कालीदासले गरेको कुनै निर्णय राणा प्रधानमन्त्री र कमान्डर-इन-चिफले मात्र हेरफेर गर्न सक्थे भनेका छन् । कृष्णप्रसाद कोइरालाको सम्पत्ति खोसेर श्री ३ चन्द्रले भ्रष्टाचार मुद्दा लगाए । त्यसपछि कृष्णप्रसादले मातृका, बिपी, गिरिजा लगायतका छोराछोरीलाई अत्यन्त कष्ट, अभाव र संघर्षका साथ हुर्काएको बिपीले लेखेका छन् । कालीदासले दिएको जमिनको आयस्रोतले धेरै कोइरालाहरूको पालनपोषण भएको विराटनगरका पुराना मानिस बताउँछन् ।

इतिहासमा जे लेखिन्छ, त्यो सबै सत्य हुँदैन । कतिपय कुरा 'गाडधन' जस्तै गुप्त हुन्छन् । घरमै आएर हातगोडा भाँचिदेलान् वा बाटोमा पैदल हिँड्दाहिँड्दै गाडीले किचिदेलान् भनेर कतिपय लेखक, पत्रकारहरू मौन बस्नुपर्ने अवस्था छ । माओवादीले आफूलाई पवित्र र दशवर्षे द्वन्द्वका बेला राष्ट्र र जनताको रक्षा गर्न चाहनेहरूलाई 'मानवताविरोधी' भन्दा प्रायःजसो मिडिया मौन बस्नुका कारण छन् । जुन विदेशी शक्तिले माओवादीलाई 'सत्य' र अरूलाई मिथ्या ठानेर पुल्पुल्याए, उनै शक्तिले नेपालका कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका लगायतका यावत् क्षेत्रमा प्रभाव बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# मेरो उम्मेदवारी राजनीतिलाई सेवाको रुपमा स्थापित गर्न हो



## सुरेन्द्र ढकाल

ट्रान्सपेरेन्सी इन्टरनेसनलको प्रतिवेदनले नेपाललाई विश्वको १० भ्रष्ट राष्ट्रहरूमा सूचीकृत गरेको छ । यो कसको कारणले भयो ? हिजो निरंकुश भनिने पंचायत व्यवस्था देशमा रहँदा नेपाल भ्रष्ट राष्ट्रहरूको सूचीमा थिएन । राजनीतिलाई पेसा बनाइ छिट्टै संभ्रान्त बन्ने उद्योगमा नेता भनाउँदाहरू लाग्दा नेपाल भ्रष्ट देशको सूचीमा पर्न गएको हो ।

खास अर्थमा राजनीति भनेको आफ्नो पेसागत क्षेत्रमा राम्रो काम गरी दाम कमाएकाहरूले नामको लागि गर्दामात्रै राजनीति देश र जनताको मुहार फेर्ने उत्कृष्ट समाज सेवाको रुपमा स्थापित हुन्छ भन्ने प्रमाण चीनले पेश गऱ्यो । राजनीतिलाई कमाइ खाने भाँडो बनाउँदा देश भडखारोमा पर्दो रहेछ भन्ने कुरा अहिले श्रीलंकाले पेश गरिरहेको छ । हामी चीनको बाटोमा छैनौं । चीनमा भ्रष्टाचारीलाई मृत्युदण्ड हुन्छ नेपालमा भ्रष्टलाई प्रधानमन्त्रीको पगरी भिराइन्छ । यही कारण नेपालको संसदीय ब्यवस्था वदनाम भएको छ । देश क्रमशः असफल राष्ट्रतर्फ धसिदो छ । संसदीय ब्यवस्था अनि यसको संचालन गर्ने दलहरूलाई जुन धनराशीको आवश्यकता पर्दछ त्यसका लागि विना भ्रष्टाचार र कमिशन राजनीतिक दल चलाउनै सकिदैन । तसर्थ अब राजनीतिलाई सेवाको रुपमा स्थापित नगरी सुखै छैन । राजनीतिलाई सेवाको रुपमा स्थापित गर्ने सूत्र लिएर मैलै आगामी निर्वाचनमा उम्मेदवारी दिएको छु । ती सूत्रहरू निम्नानुसारका छन् ।

१) निर्वाचन प्रणाली पूर्ण समानुपातिक र समावेशी गर्ने २) संघीय सांसदको संख्या ७७ कायम गर्ने ३) प्रदेश रहने तर प्रदेश सरकार नरहने ४) केन्द्रको प्रतिनिधिको रुपमा प्रदेश प्रमुख रहने जस्ले प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाबीच आवश्यक समन्वयको कार्य गरिदिने ५) ७७ जिल्लामा केन्द्रको प्रतिनिधिको रुपमा प्रमुख जिल्ला अधिकारी रहने उसले जिल्ला भित्रका गाउँपालिकाहरू बीच समन्वय गरिदिने । ६) महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूलाई स्थानीय स्तरमा केन्द्र सरकारको पूर्ण कार्यकारी प्रतिनिधिको रुपमा अधिकार सम्पन्न हुने गरी आधारभूत संघीयता प्रवर्द्धन गर्ने र जनताले राज्यबाट पाउने सबै सुविधा वडा कार्यालयबाट प्राप्त गर्ने व्यवस्था गर्ने । ७) देशमा राष्ट्रपतिदेखि वडा सदस्यहरूलाई जीविकोपार्जनको सिद्धान्तअनुरुप दालभात डुकुसम्म खान पुग्ने गरी न्यूनतम भत्ताको व्यवस्था गर्ने । ८) भूतपूर्वहरूको सबै किसिमका भत्ता र सुविधाहरू खारेज गर्ने । ९) केन्द्रमा मन्त्री बन्नका लागि संसदको सदस्य हुनुपर्ने बाध्यता हटाउने र पेशागत रुपबाट दक्षहरू मात्रै मन्त्री बन्न पाउने व्यवस्था गर्ने । १०) संवैधानिक प्रमुख र सदस्यहरू, राजदुतहरू बन्नका लागि सचिव वा प्राध्यापक भई रिटायर्ड भएकाहरूमध्येबाट संवैधानिक परिषदले छनौट गरी तीमध्येबाट सार्वजनिक सुनुवाइ गरी सोको माध्यमबाट नियुक्ति गर्ने परम्पराको विकाश गर्ने ।

यी मैले प्रस्तुत गरेका सुत्रहरू लागू गर्न सक्ने हो भने मात्रै संसदीय व्यवस्थामा पैसाको चलखेल स्वतः बन्द हुन्छ र नामका लागि सेवा गर्ने प्रवृत्तिको विकाश भई राजनीति स्वच्छ राष्ट्रसेवाको माध्यम बन्छ जसले समृद्धिको खाका सजिलै कोर्न सफल हुन्छ ।

**In South Asia**

| Countries | Ranking | Score |
|---|---|---|
| Bhutan | 26 | 67 |
| India | 81 | 40 |
| Sri Lanka | 91 | 38 |
| Maldives | 112 | 33 |
| Pakistan | 117 | 32 |
| **Nepal** | **122** | **31** |
| Bangladesh | 143 | 28 |
| Afghanistan | 177 | 15 |

**Year wise Nepal's ranking**

| Year | Ranking | Score |
|---|---|---|
| 2017 | 122/180 | 31/100 |
| 2016 | 131/176 | 29/100 |
| 2015 | 130/168 | 27/100 |
| 2014 | 126/175 | 29/100 |
| 2013 | 116/177 | 31/100 |
| 2012 | 139/176 | 27/100 |




## सम्पादकीय

# अघोषित चिनियाँ नाकाबन्दी ?

नेपालीहरूका महान पर्व दशैं तिहार छठ नजिकिँदैछन् । अबको एक महिनामै बडादशैंको रौनक सुरू हुन्छ । त्यसको १५ दिनपछि तिहार र छठ पर्व मनाउन भ्याइ नभ्याइ हुन्छ । जस्तोसुकै आय भएका परिवार भए पनि चाड मनाउनैपर्ने बाध्यताबाट उम्कन पाउँदैन । ऋण गरेर भए पनि वर्ष दिनका चाडपर्वहरू मनाउँछन् सबैले । चाडपर्वको मौसमले छोपिरहँदा बजार भने उकालो लागेको लाग्यै छ । हरेक सामानमा अचाक्ली मूल्य वृद्धि गरिएको छ । बहाना भएको छ रूस युक्रेन युद्धको प्रभाव । अब अर्को बहाना पनि थपिएको छ चीनले तातोपानी, रसुवागढी नाका बन्द गरिदियो । चीनले विगतमा कोभिडको कारण देखाएर नाकाबन्द गरेको थियो । कोभिड संक्रमणको रफ्तार घटेपछि पनि चीनले बारम्बार नाकामा अवरोध गर्न छोडेन । अन्तर्राष्ट्रिय व्यापार नियमको उल्लंघन गर्दै चीनले फेरि चाडबाडको मुखमा दुवै नाका बन्द गरिदिएको छ । यसले नेपाली व्यापारीहरू र उपभोक्ताले महँगो ढुवानी र महँगो सामानको मार खप्नु परेको छ । द्विदेशीय व्यापार सहजीकरण गर्न नेपालले चीनलाई तारन्तार अनुरोध गरे पनि फेरि कोभिडको कारण देखाएर चीनले तातोपानी र रसुवागढी नाका बन्द गरेको छ । चीनबाट सामान आउँदा कोभिडको जोखिम त नेपालले मोल्नुपर्छ तर चीनले उल्टो तर्क गरिरहेको छ ।

हालै मात्र परराष्ट्र मन्त्री डा. नारायण खड्काले चीन भ्रमण गरेका थिए । फर्किए लगत्तै उनले कोभिड संक्रमण सकिएपछि दुवै नाका सुचारू हुने बताएका थिए । आंशिक रूपमा सुचारू तातोपानी र रसुवागढी नाका खड्का फर्किए लगत्तै साउन २६ गते बन्द गरिए । दैनिक ६ देखि १४ कन्टेनर सामान नेपाल आइरहेका थिए । व्यवसायीहरूका अनुसार दशैं तिहार र जाडो यामलाई लक्षित गरी मालसामान सहितको करिब २ सय ५० को संख्यामा तिब्बतको विभिन्न क्षेत्रमा अलपत्र परेका छन् । बैंकबाट चर्को ब्याजदरमा ऋण लिएर सामान खरिद गरी लोड गरिएका कन्टेनर उतै अलपत्र परेपछि व्यवसायीहरू चुर्लुम्म डुब्नु स्वाभाविक हो । लामो समयसम्म कन्टेनर रोकिँदा खरिद गरिएका सामानको गुणस्तर बिग्रिन सक्छ, त्यसको मूल्य पनि नेपाली व्यवसायीहरूले नै चुकाउनुपर्छ । आफ्नो भूमिबाट कन्टेनर पठाउन चीनलाई कोरोनाको जोखिम कसरी हुन्छ ? नेपालबाट सामान चीन जाँदा पो जोखिम हुनुपर्ने हो । यसबारे नेपालले चीनलाई बुझाउन नसकेको हो वा चीनको मनसाय अर्कै हो बुझ्न सकिएको छैन । चीनको तिब्बतस्थित नेपाली महावाणिज्यदूतावासले साताअघि परराष्ट्र मन्त्रालयलाई पत्राचार गर्दै चिनियाँ नाका तत्कालै नखुल्ने जानकारी दिइसकेको छ । चीन र नेपाललाई जोड्ने विभिन्न सडक खण्डमा कोभिडको संक्रमण बढेकाले ती स्थानमा लकडाउन गरिएका कारण तत्काल नाका खुल्ने अवस्था नरहेको महावाणिज्य दूतावासले जनाएको छ । तर कोभिड चिनियाँ बहानामात्रै हो, वस्तुतः यो एक प्रकारको चीनको अघोषित नाकाबन्दी हो भन्ने कुरा नेपाली जनताले बुझेका छन् ।

पारवहनसम्बन्धी सम्झौता गरेर चिनियाँ बन्दरगाह र भूमार्ग समेतको प्रयोग गर्न तयार नेपाललाई चीनले हतोत्साही तुल्याउनुले नेपालको चित्त अवश्य दुखेको छ । चीन भरपर्दो मित्र होइन भन्ने भावना आम नेपाली जनतामा बढ्दै गएको छ । समय समयमा नेपालप्रति भारतको हेपाहा व्यवहारले चीनप्रति नेपाली जनतामा आशा र विश्वास निकै थियो । भारतले नेपालमाथि नाकाबन्दी गर्दा सम्पूर्ण नेपाली जनताले चीनको सहयोगको अपेक्षा गरे । चीनले पनि नेपाललाई अप्ठेरोमा सहयोग गरेकै हो । तर भूकम्पकै समयदेखि चीनले नाकाहरूमा बारम्बार अवरोध गर्दै आएको छ । दलाई लामाको फोटो घरघरमा भेटिएको निहुँमा खासा बजार नै स्थान्तरण गऱ्यो । अहिले बीआरआई कार्यान्वयन नगरेको र एमसीसी अनुमोदन गरेको रिसमा चिनियाँ नेतृत्वले नेपाललाई दुःख दिएको त होइन भन्ने सर्वत्र आशंका छ । नाका खोल्न नेपालले कूटनीतिक पहल गरे पनि चीनले वास्ता गरेको छैन ।

# व्यवस्था बदलियो तर अवस्था उस्तै



## गोविन्द विक



राणा शासन पञ्चायत राजतन्त्र हुँदै आज लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा हामी छौं । विगत ७० वर्षलाई फर्केर हेर्दा नेपाली राजनीतिमा त्याग गरेका आजीवन व्यवस्था परिवर्तनका लागि जीवन अर्पनेहरूको योगदानलाई नजर अन्दाज गर्न सकिन्न । व्यवस्था परिवर्तनसँगै जनताको अवस्था पनि बदल्छौ भन्ने बाजा त अहिलेका नेतृत्वकर्ताहरूले सयौं पटक गरेकै हुन् ।

बदलिएको व्यवस्थाअनुसार उनीहरू पटक पटक सत्ताको कुर्सीमा पनि पुग्न सफल भए । एक पटक हैन पटक पटक जनताको अवस्था बदल्नु छ भन्दै सत्ताको कुर्सीमा बसेर मुलुकको कार्यकारी भएर नेतृत्व दिए । हरेक पटकका घोषणा पत्रमा जनताको अवस्था बदल्ने सपनाहरू लिपिबद्ध गरे । घोषणापत्रमा लिपिबद्ध भएको समृद्धिले जनताको अवस्था बदलिन्छ भनेर सयौं पटक आश्वासनका भाषणहरू नदिएका पनि होइनन् ।

जनताको अवस्था बदल्ने आश्वासनमा विश्वास गरेर जनताले पाँच वर्षका लागि शासन चलाउन अनुमोदन पनि गरे । पटकपटक एकै व्यक्ति सत्ताको कुर्सीमा विराजमान हुने मौका जनताबाट पाउँदा पनि आज जनताको अवस्था उही रहनु दुःखद विषय बनिरहेको छ ।

मुलुकमा जब चुनाव आउँछ जनताले राम्रो र नराम्रो मान्छे छनौट गर्ने समय आउँछ । समृद्धि र विकासका आश्वासन दिनेहरूको ओइरो लाग्छ । र जनताले फेरि पनि विश्वास गरेर सत्तामा पठाउँछन् । जनताको अवस्था बदल्ने योजना कहिलै नेतृत्वकर्ताको प्राथमिकतामा नपर्नु विडम्वना नै हुँदै आएको तितो सत्यबाट हामी टाढा छैनौं । विगतको व्यवस्थालाई नै खोट लगाएर यदि यो व्यवस्था बदलियो भने आम निमुखाहरूको अवस्थामा सुधार आउँछ, सर्वहारा वर्गको उत्थान हुन्छ ।

दलित निमुखा सिमान्तकृत समुदाय राज्यको मूलधारमा आउँछन भनिएका कुराहरू अझै हाम्रो कानमा गुन्जिरहेको छ । तर खोइ जनताको अवस्थामा सुधार आएको ? निमुखाहरूले आफ्नो सीप क्षमताअनुसार श्रम गरेर ज्याला पाउने अवस्था छैन आज । जनताका लागि सबैभन्दा सरोकार राख्ने मुख्य विषय भनेको शिक्षा, स्वास्थ्य र रोजगारी हो । तर आज जनताले त्यही शिक्षा स्वास्थ्यको पहुँचबाट टाढिनुपर्ने अवस्था छ । जबसम्म शिक्षा स्वास्थ्यजस्ता विषयहरू राज्यको नियन्त्रणमा हुँदैन तबसम्म निमुखाहरूको पहुँच शिक्षा स्वास्थ्यजस्ता विषय पुग्न निकै कठिन हुन्छ ।

अस्पतालको भौतिक अवस्था सुधार्न नेतृत्व तयार हुँदैन । बिरामीको चापअनुसार जनशक्ति थप गर्न नेतृत्वको ध्यान जाँदैन । तर अस्पतालमा कुनै मेसिन खरिद गर्न भने नेतृत्वको ध्यान पुगिहाल्छ । सरकारी अस्पतालको चर्पीमा छिऱ्यो वान्ता आउँछ । सरकारी विद्यालयमा अध्ययन गर्ने वातावरण त हुँदैन भने गुणस्तरीय शिक्षाको कल्पना त धेरै टाढाको कुरा हो । दिनभरी मजदुरी गरेर कमाएको पैसाले बेलुका छाक टार्न निकै सकस पर्छ । आवश्यक उपभोग्य बस्तुको मूल्य आकासिएर ।

सामान खरिदमा करोडौंको घोटला हुन्छ भन्ने समाचार दिनहुँ आउँछन् । कोरोना कालमा स्वास्थ्य सामग्री खरिदमा करोडौं घोटला कमिसनको चक्करमा राज्यको उच्चतहकै संलग्नता भन्ने समाचार थुप्रै आए । कसरी हुन्छ आफ्नाहरूलाई पोस्ने खेलमा ध्यान दिने नेतृत्वकर्ताहरूलाई चुनावबाट अनुमोदन गरेर पठाउने गल्तीका कारण नै आजको यो दुर्दसा भोग्नु परेको भन्ने हेक्का हामीमा नभएर नै दुःख पाइएको हो ।

शिक्षा स्वास्थ्यजस्ता कुराहरू निजी क्षेत्रको पकटमा गयो, त्यसकै कमिसनले सत्ताको नेतृत्वकर्ताहरू रमाउन थालेपछि निमुखाहरूले दुःख त पाउने नै भए । आफू केही गर्न नसक्ने सबै निजी क्षेत्रलाई जिम्मा दिने र निजी क्षेत्रको पकडमा भएपछि सरकारले नियन्त्रण गर्न नसक्ने बजार भाउ पनि व्यापारीले तोक्ने स्वास्थ्य शिक्षालगायतका कुरामा व्यापारीकरण गर्ने संविधानले आधारभूत शिक्षा सबैलाई अनिवार्य र निशुल्क हुने ग्यारेन्टी गरेको छ । तर आजको दिनमा निशुल्क शिक्षा कहाँ छ ?

संविधानले व्यवस्था गरेको कुरालाई जस्ताको तस्तै कार्यान्वयनमा ल्याउने प्रमुख जिम्मेवारी सत्ताधारी कार्यकारीको हो भन्ने कुरा बुझेर पनि चुप बस्नेहरूलाई फेरि जनताको अनुमोदन गरे पनि अहिलेको भन्दा दुःख र पीडा थप हुने पक्का नै छ । जनसरोकारका विषय अहिलेका नेतृत्वकर्ताहरूको प्राथमिकतामा परेन र पारिएन पनि । ठूलाठूला भवन बनाउने अनावश्यक ठाउँमा भ्यु टावरहरू ठड्याउने बिल्डिङ कम्पेलेक्स बनाउँदा विकास र समृद्धि आउँछ भन्नेहरूलाई अब ससम्मान विदाइ गर्नुको विकल्प हामीसँग छैन ।

धनी र गरिबबीचको खाडल झन् झन् गहिरो हुँदै जानुको दोष पटकपटक सत्तामा पुगेर जनमुखी काम नगर्नेहरूलाई जान्छ । यही व्यवस्थाले जनताको अवस्था सुधिन्न, त्यसैले हामीलाई सत्तामा पुऱ्यानुहोस् तपाईंहरूको अवस्थामा व्यापक सुधार ल्याउँछौं भन्दै सशस्त्र लडाइँ गरेर राजनीतिमा आएकाहरू पटकपटक सत्तामा गएर पनि आफैंलाई पहरा दिनेको उपेक्षामा रमाउनेहरू भन्दैछन् अब फेरि सत्ताको नेतृत्व गर्ने चाहना छ भनेर ।

कुन विलक्षण प्रतिभा छ, यिनीसँग र पुस्तौं पुस्ता राजनीतिमा उदाइरहनुपर्ने । दर्जनौं सडकका योजनाहरू आफूले ठेक्का पारेर अलपत्र बनाउनेलाई संरक्षण गर्नेले विकास र समृद्धिका कुरा गर्नु बेकार छ । नक्सा पासै नगरी सडक मिचेर अबैध संरचना निर्माण गरी राज्यलाई करोडौं कर तिर्छु भन्दै कानुनी राज्यको धज्जी उडाउनेहरूलाई राजनीति संरक्षण दिनेहरूले आफूलाई राष्ट्रवादीको ढोल पिटनु बेकार छ । अबैध संरचनाहरू भत्काउँदा उल्टै गाली खानुपर्ने देशमा राम्रो काम गर्छु भन्नेहरूका लागि वातावरण नै छैन । अनि कसरी अवस्था बदलिन्छ ?

कोरोना कालमा एकछाक खान नपाएर मृत्यु भएका राधा सदाहरूको घटना ताजै छ । अनि फेरि यिनै व्यक्तिहरूले जनताको अवस्था बदल्छौं, हामीलाई मत दिनुहोस् भन्दा कसरी विश्वास गर्नु ? जनताको छोरो डोजर लिएर बेथीतिका विरुद्धमा निस्कँदा विरोध गर्नेहरूलाई नै फेरि पनि चुनावमा अनुमोदन गर्ने हो भने तपाईं हामीले कल्पना गरेको समृद्धि निकै टाढा हुने पक्का छ । जनताको अवस्था बदल्छौं भन्नेहरू जो नयाँ जोस र जागर लिएर आउँदैछन्, तिनीहरूलाई यसपालि हेर्नु छ । पुरानाहरूलाई पटकपटक हेरियो तर नयाँलाई एकपटक हेरौं ।

नयाँले पनि जनताको अवस्था बदल्ने काम गरेनन् भने राजनीतिक रुपमा नेपाल फेलियर मुलुक रहेछ भनेर चित्त बुझाउला । अहिलेका पुरानाहरूले जनताको अवस्था बदलेको एउटा पनि उदाहरण भन्न हामीलाई कठिन छ । हिजोका निमुखा आज पनि निमुखा नै छन् । हिजोको महङगी आज पनि उस्तै छ । झन् विकराल भएर आएको छ । हिजोको विद्यालय नजानेहरू आज पनि गएका छैनन् । हिजो अस्पताल नपुग्नेहरू आज पनि पुगेका छैनन् ।

सुन्दर भविष्य खोज्दै खाडीतिर लाइन लाग्नेहरूको संख्यामा हिजोभन्दा आज धेरै भएको छ । बाटो बिजुली पानी नपुगेको ठाउँमा आज पनि उस्तै छ । हिजो समाजमा अपहेलित भएर बसेको विभेदमा परेका पारिएको समुदाय आज पनि उही अवस्थामा छ । हिजो देखिएका सडकका खाल्डा आजपनि उस्तै छन । हिजो निभेका पोलका बत्ती आज पनि निभेकै छन् । हिजो काम नपाएर छटपटाएका श्रमिकहरूको अवस्था आज पनि उस्तै छ । यस्तो अवस्थामा अवस्था बदलियो भनेर कुन अर्थमा भन्न सकिन्छ ?

अवस्था बदलिन निमुखाहरूको दैनिकीमा व्यापक सहजता आउनुपर्छ । कामअनुसारको ज्याला स्वास्थ्य शिक्षामा निमुखाहरूको व्यापक पहुँच कानुनी राज्यको प्रत्याभूति सबैले महसुस गर्ने हुनु आवश्यक छ । त्यसैले अवस्था बदल्ने नेतृत्वलाई छानेर मत खसाउन सबैले ध्यान दिन जरुरी छ ।

# मैले देखेको २१८ औं विश्व पर्यटकीय स्थल

# जर्मन एकिकरण म्युजियम

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा म्युजियम भवन



विभाजितकालीन अन्तर जर्मन वस्तुहरूको संग्रह



म्युजियमभित्रको तात्कालीन पूर्वी जर्मन कक्ष



म्युजियम उद्घाटन गर्दै जर्मन राष्ट्रपति फ्राँक वाल्टर



म्युजियमभित्र प्रदर्शनमा राखिएका शीतयुद्धकालीन सैन्य सामग्रीहरू



म्युजियमभित्र राखिएको ढलेको बर्लिनको पर्खालको अंश



सम्मेलनमा नेपालका तर्फबाट प्रस्तुति गर्दै सुरेन्द्र

२३ मे २०१७ को दिन जर्मनीबाट काठमाडौं फर्केपछि मेरो विदेश भ्रमणको क्रम झण्डै दुई वर्षसम्म रोकियो। यसैबीच जर्मन प्राज्ञिक आदानप्रदान कार्यक्रम (German Academic Exchange Program DAAD) ले विभिन्न देशमा रहेका जर्मन एलुम्नी संस्थाहरूको अन्तराष्ट्रिय सम्मेलन पश्चिम जर्मनीको पुरानो राजधानी बोनमा गर्ने र नेपाल जर्मन प्राज्ञिक संघको अध्यक्षको रुपमा उक्त सम्मेलनमा भाग लिन मलाई र सचिवको रुपमा आर्किटेक्ट रुपेश श्रेष्ठलाई आमन्त्रण गरेको थियो। ८ देखि १२ मार्च २०१९ सम्म आयोजना भएको उक्त कार्यक्रममा भाग लिन हामी दुई ७ मार्चकै दिन बोन पुगेका थियौ। कार्यक्रममा मैले नेपालमा नेपाल जर्मन प्राज्ञिक संघ (Nepal German Academic Association NEGAAS) ले संचालन गरेका कार्यक्रमबारे प्रस्तुति गरेको थिएँ। उक्त कार्यक्रममा ८७ देशको प्रतिनिधित्व भएको थियो।

कार्यक्रमकै एक भागको रुपमा मार्च १० तारिखको दिन हामी सबै सहभागीहरूलाई दिउसो बोनस्थित जर्मन एकिकरण म्युजियम अवलोकन गराउन लगिएको थियो।

## जर्मन एकिकरण म्युजियम

यो म्युजियमको खास नाम चाहिँ जर्मन इतिहास म्युजियम रहेछ। सन् १९४५ मा जर्मनी विभाजन भएपछि सन् १९८९ मा पुन: एकिकरण भएसम्मका ७५००० गतिविधि र सामग्री संकलन गरी यो म्युजियम संचालनमा ल्याइएको रहेछ। पुरानो राजधानी बोनको बुण्डेसस्ट्रास्से ९ मा अवस्थित यो म्युजियमको आकर्षण भनेको विघटित कम्युनिस्ट राज्य जर्मन डेमोक्र्याटिक रिपब्लिकका झण्डा लगायत त्यहाँ प्रयोगमा आएका सैनिक र गैरसैनिक सबै वस्तुहरू, तत्सम्बन्धी डकुमेन्ट्रीहरू, बर्लिन पर्खाल ढल्दाको अवस्था र त्यसपछिका परिवर्तनहरूलाई निकै राम्रोसँग प्रदर्शनमा राखिएको रहेछ। चार हजार वर्गमिटरमा फैलिएको यस म्युजियममा ७ हजार कलात्मक वस्तु, १६० मेडियासँग सम्बन्धित प्रस्तुतिहरू, पूर्व र पश्चिम जर्मनी विभाजित अवस्थामा रहँदा त्यहाँका जनताका दैनिकी र सांस्कृतिक जीवन र अन्तरजर्मन इतिहासको स्मरण गराउने आदि कुराको राम्रा झलकहरू संग्रहित गरिएका रहेछन्। एक श्रब्य दृश्य सूचना केन्द्र जहाँ दुवै जर्मनीका पुस्तकालयलाई सन् १९९४ पछि एकत्रित गरिएको रहेछ। त्यहाँ १ लाख ८० हजार पुस्तकहरू संग्रहित रहेछन्। म्युजियमलाई जर्मन एकिकरणपछि तीन चरणमा गरेर व्यवस्थित गरिने कार्य भएको रहेछ। पहिलो चरण जुलाई २००१ मा दोस्रो चरण सेप्टेम्बर २००७ र तेस्रो चरण अक्टोवर २०११ मा सम्पन्न भएको रहेछ। शीतयुद्ध कालमा भएको अन्तर जर्मन विवाद र कलह, वर्लिनको पर्खाल ढलेपछिको त्यसको महत्व उजागर गर्ने खालका प्रस्तुतिहरू र सन २०१७ को डिसेम्वर महिनामा सबै कुराको व्यवस्थापन कार्य पूर्ण भएपछि जर्मन राष्ट्रपति फ्रान्क भाल्टर स्टाइनमायेरबाट भएको म्युजियमको औपचारिक उद्घाटन आदि कुराहरू राम्ररी प्रदर्शनमा राखिएको रहेछ। करिब दिनको १ बजे हामी म्युजियम परिसरभित्र छिरेका थियौं। सबै कुराको सरसरी अवलोकन गरेर निस्कँदा दिनको ४ बजेको थियो। गहिरिएर अध्ययन गर्ने हो भने ४ हप्ताको समय लाग्ने उक्त म्युजियमकै कारण पुरानो राजधानी बोन नयाँ पर्यटक गन्तब्य बन्न पुगेको पनि बताइँदो रहेछ।



सम्मेलनको डिस्प्ले बोर्डअगाडि रूपेशका साथ सुरेन्द्र

व्यंग्य

# सत्ता परिवर्तन र स्वतन्त्रताले मात्र देश विकास हुँदैन

जयदेश श्रेष्ठ

आँखाले हेर, मनले पढ, विवेकले सोच। सुनेको, लेखिएको सबै साँचो हुँदैन। नेताहरू सबै भ्रष्ट छैनन्, देश बनाउने भन्ने,ठुला नेताहरू सबै देशभक्त होइनन्। देशका जनताहरू लडाएर,सडक तताएर, भौतिक संम्पति जलाएर, बन्द हडताल घर्ना र बिरोध गरेर,सत्ताको खेलमा देश विकास हुँदैन। मान्छेको जीवन एक पटक आउन्छ। देश र जनताका पुस्ता सधैँ अन्धकार, गद्दारी नेताहरू बेलैमा चिनौं, यो देश नेपाललाई बचाऔं !

हिजो जनता अशिक्षित भएर ठुला ठालुले तलका मान्छेहरूलाई थिचो मिचो गर्दथे। गाउमा शोषक सामन्ती भन्दथे। देशमा १०४ वर्ष राणाहरूले शासन चलाए। २००७ सालमा कति शहिद भएर प्रजातन्त्र ल्याए। त्यही प्रजातन्त्रलाई पन्चायती निरन्कुस शासन भन्दै २०४६ सालमा जन आन्दोलनबाट प्रजातन्त्र आयो भनेर खुसी मनाउ गरे। आज लोकतन्त्र, जनतन्त्र भन्दै गणतन्त्रसम्म आई पुग्दा पनि जनताहरूले राहतको श्वास फेर्न पाएका छैनन्। जति सुकै जनता सजग र शिक्षित भए पनि राजनीतिक फोहरी खेलले देश अन्धकार र गरिबी तिर भन् भन् भासिँदै गएको छ। देश गम्भीर परिस्थितिमा गुज्रेको अवस्था भन्दै राजनीतिक स्वार्थमा नेताहरू आफ्नो अनुकूल राज्य व्यवस्था चलाउन मरिहत्य गर्ने राजनीतिक व्यक्तिहरूले भने देश डुबे पनि नेता र शासक वर्गहरूको भने दिन दुई गुना रात चौगुनाको व्यक्तिगत वृद्धि विकास गरेका छन्।

पढेलेखेकाहरू बेरोजगार छन्। कामको खोजीमा अरब, मलेसिया अन्य विदेशी भूमि मजदुरी गरेर पठाएका रेमिटान्सले देश धानेको छ भनिए पनि बिदेशबाट फर्किए पछि घर व्यवहार भने व्यवस्थित रूपमा चल्न सकेका छैनन् आज पैसाको लागि विदेश जानेहरूको कतिको वैवाहिक र पारिवारिक अवस्था टुटेको भविष्य चकनाचुर भएका छन्।

हामी जहाँ जन्मियौँ त्यो देशको माटो माया छ। स्वाभिमान, नैतिकता, इमान्दारीता राष्ट्रियता अनेकौ गुणवान नागरिक देशको लागि आफ्नो ज्यान हत्केलामा राखी देशको लागि मर्न र मार्न तयार हुनु पर्दछ। यस्तै नागरिकहरूबाट चुनिएको कर्मठ व्यक्ति जसले देशको शासन व्यवस्था चलाएको भए हामी नेपालीहरू सुन्दर देशको बैभवशाली राष्ट्रको नाममा सुचिक्रित हुने थियो हाम्रो देश नेपाल। आज किन विश्वका गरिब र राजनीतिक अस्थरिता भष्ट्राचार र असफल राष्ट्रतिर धकेलिदै छ ? हामी नेपालीहरूले नेता र पार्टीहरूलाई आवश्यकताभन्दा बढी विश्वास र भरोसा गर्यौ। नेता र पार्टीहरूको लगामको घोडा जस्तै भएर हरेक पार्टी र व्यक्तिको पछि लाग्यौ। नेताहरूको विश्वास गर्यौ। देश विकास र देश बदल्ने विश्वासमा अनेकौ आन्दोलन जन आन्दोलन जन युद्धलाई साथ दियौ। आज जनता र नेताहरूको दुरी आर्थिक समुन्नतीमा फरक भएका छन्। राष्ट्रिय सम्पतीमा नेताहरूको ब्रम्हलुट भएका छन्। नेताहरूको औषधी उपचार, देश विदेश भ्रमण खर्च तलब भत्ता सुविधाहरू भने कुनै विरोध अवरोध बिना संसदबाट पास हुने जनताको हितको नीति नियम संविधान भने थाती राखी महिनौं संसद् अवरोध हुने यो कस्तो देश ?

जनताहरू भूकम्प, बाढी पहिरो, रोगब्याधी र आर्थिक कमजोरीबाट पिल्सिएका छन्। देशमा उद्योग धन्दा कलकारखाना बन्दले गर्दा काम गरी खाने वातावरण छैन। पढेलेखेकाहरू बेरोजगार छन्। कामको खोजीमा अरब, मलेसिया अन्य विदेशी भूमि मजदुरी गरेर पठाएका रेमिटान्सले देश धानेको छ भनिए पनि बिदेशबाट फर्किए पछि घर व्यवहार भने व्यवस्थित रूपमा चल्न सकेका छैनन् आज पैसाको लागि विदेश जानेहरूको कतिको वैवाहिक र पारिवारिक अवस्था टुटेको भविष्य चकनाचुर भएका छन्। विदेशी भूमिमा काम गरेर पाएको पैसाले जिन्दगीभर आफ्नो देशमा सुख भोगले बाँच्न सकिदैँन। चाहे जस्तो सुकै सानो काम किन नहोस आफ्नो भूमि आफ्नो ठाउँमा केही गरी आफू र अरूलाई फाइदा हुने काम गर्ने सके हामी र हाम्रो समाज अनि देश बन्ने थियो।

जनताको इच्छा आकाक्षा र भरोसाको केन्द्र बिन्दु नेताहरूको नैतिक आचरण हो। देशमा व्यवस्था परिवर्तनसँगै मुख्य पार्टीका धेरै नेताहरूले देशमा शासन चलाउने अवसरहरू पाए तर पनि जुन गोरु आए पनि कानै चिरेको ! सबै नेताहरू दोष जति अरूमा थुपारेर आफू भने पानी माथिको ओभानोमा किन बस्न खोज्छन ? कमी र कमजोरी सबैमा हुन्छन्। जनताहरूको माफबाट चुनिएर आएका नेताहरू आफ्नो दायित्व, सिद्धान्त र हैसियत, बिर्सिएर पार्टी र व्यक्तिगत लाभमा किन लागि परेका छन् ? आज जनताहरू आफ्नो व्यक्तिगत फाइदा र स्वार्थका लागि नेता र पार्टीको पछि लागेका छन भन्दा अन्यथा नहोला ! छिमेकी देश भारतले कालो धनलाई बैधानिकता नदिन आफ्नो देशको हजार र पाँच सयको नोट कारोवारमा बन्द गरेर धेरै पैसा हुनेहरूलाई करको दायरामा ल्याउने र सम्पति बिवरणलाई पारदर्शी बनाउन कठोर नीति अवलम्वन गरिरहदा हाम्रो देशका सर्वहारा वर्गका कमनिष्ट विलासी नेता बहालवाला प्रधानमन्त्रीको संम्पति बिवरण तीन तोला सून र एक कट्ठा जमिन कति हाँस्यापद देखिएको छ। प्रधानमन्त्रीकालमा एक दिनको खर्च पनि आफ्नो सम्पति नदेखाउने प्रधानमन्त्रीको विश्वसनियतामा जनताहरूले कसरी भरोसा गर्ने ? अगुवा नै बाटो हगुवा भए पछि सु-सासन, न्यायिक सु-व्यवस्था र सुन्दर स्वस्थ वातावरणको कल्पना कसरी गर्ने ?

देशको स्थायी सत्ता भने कै राष्ट्र र राष्ट्रियता हो। नेपाली जनताहरूमा देश प्रतिको आस्था भरोसा टुटनु हुदैन। देशको लागि आवश्यक परे मलाई बली चढाउनु भन्ने राष्ट्र भक्ति नागरिक र म मरे पनि मेरो देश बाँचिरहोस् भन्ने शासकको खाँचो महसुस भएको छ !

भूमिका

# जे छ त्यो छ, जे छैन त्यो पनि छ- ३

डा. खेम कोइराला बन्धु

भनिसकेँ, उनी कल्पनाशील छन्। यत्रतत्र सौन्दर्यका भिल्का आउँछन्। वर्णन र विवरणमा पनि त्यस्ता हीरामोती र सुवर्णहरू पाठकले खोज्न सक्नुपर्छ। त्यसमा चिहाउन सक्नुपर्छ। उदाहरण – 'देख्दै छु, माथिको आकाश पूर्ण स्वच्छ छ। घाम भलमल्ल लागेको र हिमशृङ्खला चाँदी भैँ टलक्क मानौं पूर्वपश्चिम लामबद्ध भएर सहस्र शिवलिङ्ग उर्ध्वमुखी भएर अवस्थित छन्। र, शिवलिङ्गहरू दूधरहित उदाएको अवस्थामा सायुज्य छन्।'

'हिमवत् क्षेत्र शिवजीको तपस्थल।'

'सूर्योदय हुने दिशामा सधैँ उज्यालो हुने, सूर्यास्त हुने दिशामा सधैँ अँध्यारो।' यी वाक्यहरू पढ्दा कतै कालिदास, कतै देवकोटा, कतै सोमनाथ, कतै व्यथित सम्भन्छु।

कति विचित्रको कुरा ! यस्ता टिपोट बीचमा उनी अरविन्द केजरीवाललाई सम्भन्छन्, जो भ्रष्टाचार निवारण गर्छु भनेर सत्तामा आयो र आएपछि बेपत्ता भयो। पत्तैपत्ताका पछि बेपत्ता। मलाई चाहिँ माओवादीको सम्भना भइरहेछ। २०५० को माओवादी र आजको माओवादी। अरु भनिरहनु परेन। (नेपालको भ्रष्टाचार अख्तियार 'अख्तियार दुरुपयोग आयोग नहोस् भन्ने चिन्ता।'


प्रसङ्ग थियो, रोटी र बेटीको सम्बन्ध। नेपाल र भारतको यात्राको सन्दर्भमा बाटोमा हिँड्दा गङ्गा-जमुनाका प्रसङ्ग। आग्रा, मथुरा र वृन्दावनलाई स्मृतिको रूपमा उप्काउँछन् तर, त्यो साह्रै छोटो छ। त्यहाँको परम्परा, धर्म, संस्कृति, प्रकृति आवहवा प्रवृत्ति र प्रदेश चित्रित गरिएको भए पाठकको रुपमा मेरो लोभ। एकैछिनको प्रसङ्ग प्रदीप नेपाल बनारसमा बसेका मदन भण्डारी सम्भिन्छन्। अनि स्वामी महिधराचार्य पनि, जसले वृन्दावनमा पढे र लाग्छ जोशीमठ ऋषिकेश पनि त्यस ठाउँको प्राकृतिक परिवेशको उल्लेख हुनु उत्तम हुन्थ्यो।

तर उनीसँग समय छैन। उनको मनस्तिष्कमा त्यता गए पनि वर्तमानमा जिएका प्राचीनतातर्फको यात्राइतर आजको बेफुर्सदी।

(हामी स्वाभिमानी किन बनेनौं ?) नेपाली प्रतिभा विदेसिएका छन्। भन्छन्– वर्तमान युग तामसी बन्न पुग्यो। पवित्र पूर्वीय अध्यात्मको ऐतिहासिक पक्षलाई मोदीको 'ऋषिमन'को व्यङ्ग्यलाई कुटनीतिक रूपमा छ्यास्ने काम गरेका छन्। यो छ्यास्नु भर्रो नेपाली शब्द हो – बालकृष्ण पोखरेलको, तारानाथ शर्माको। उनी भन्छन्, जलस्रोतका धनी हामी, बिजुली किन्ने हामी। कृषि देश हामी, अन्न तरकारी फलफूल किन्ने हामी। देशलाई पचाउनेहरूलाई व्यङ्ग्य गर्छन्। लाग्छ, उनी बेइमानमध्ये इमानदार हुन् र भन्छन्– कति पुरस्कार त मैले पनि लिएको छु। तीमध्ये कति त प्रायोजित पनि होलान्। मलाई थाहा छैन भन्छन्– 'तर मदन पुरस्कारको ऐतिहासिक महत्व स्वर्णाक्षरको छ। अप्राप्य।'

नेपालीहरूको कार्य असक्षमता होइन, अल्छिपना। त्यसलाई उनी व्यङ्ग्य गर्न पुग्छन्। केही नमानेर नै हामी हीन भएका हौं। नेपालीले नेपाली हुन नसकेका हौं। पृथ्वीनारायण अनि वीर गोरखा उच्च सम्मान। हामी अल्छी पानीमरुवा। सरदार वल्लभभाइ पटेलको कुरा उठाएर नेपालको पुरानो र सधैँ बल्भिरहने घाउलाई उनी सम्भाउन चाहन्छन्। तर यो सूच्यरूपमा बुभ्न सक्नुपर्छ। (सुगौली सन्धि ! १९५० को सन्धि र दिल्लीको कुदृष्टि।) उनको हरेक वाक्यले पाठकले बुभ्नसक्नुपर्छ। (शून्य स्थानले हाम्रो मनमस्तिष्कमा शून्यता बोकेको छ।)

लेखक कस्तो हुन्छ ? एउटा सहयात्री साथी मोहन कायस्थको भनाइलाई उनी अस्वीकार गर्दै पुनः स्वीकार गर्छन्। असन्तोष नभई लेख्न सकिँदैन।




माया पिरतीका लागि पनि त लेख्न सकिँदैन। उनले प्रश्न स्वयं यसरी समाधान गर्छन्। समको उत्तर 'दुःखीको घरमा मात्र ......' का रूपमा।

विचित्रको उनको कल्पना छ। पाँच वर्षको भारत बसाइ गजबसँग टिप्छन्– यन्न भारते, तन्न भारत। (धर्मदेखि लिएर आतङ्कसम्म गुण्डागिरीदेखि लिएर धुर्त्याइँसम्म।) भारतमा सज्जनतादेखि दुर्जनताको नमुना 'बिहारी' शैली त विश्व प्रसिद्ध।

+++

पटक पटक उनी चिच्याउन खोज्छन्– गोरखाजातिको राष्ट्रियता यसलाई यिनले हकरहित भन्छन्। यिनी अब लाक्पा खेल्न आइपुग्छन्। बुद्धिनारायणको जङ्गे बुद्धेको सीमामा, लोककृष्णको सभ्यतामा। सुरेन्द्र केसीमो भ्रष्टाचारमा। प्रा. खगेन्द्र केसीको २००७ सालको क्रान्ति र २०१७को 'कू'।

यिनैको समष्टि छ – माधव घिमिरे, अगमसिंह गिरीका कविताहरू र नारायण गोपालका गीतहरूमा।

अहा ! रगत नै निस्कने, रोमाञ्चित हुने, बलभद्रको खलङ्गाको युद्धस्मारक। हरेक राष्ट्रवादीले बुभ्नुपर्ने शायद मोहनविक्रम सिंह, मोहन वैद्य, सिपी मैनाली र रोहितले भन्दा होलान्– यी सामग्रीहरू हामीले पहिले पो पाउनुपर्थ्यो।

नालापानी, कलुंगाको इतिहास। (मोदनाथ र प्रदीपहरू त भनिरहेकै छन्।)

ई. १८१४-१८१६ नालापानी युद्धको बेला। गोरखासैनिकको नेतृत्व गरेका वीर महान् कमान्डर बलभद्रले अँग्रेज सेनापति जनरल जिलेस्पीको हत्यापछि कुल ४०० नेपालीतिर ३५०० बृटिस फौज (१००० अँग्रेज र २७०० भारतीय) हरूको सेनाको समूहलाई कसरी आच्छु आच्छु पारे। तोप, गोला र बारुद एकातर्फ अर्कोतर्फ खुकुरी तरबार र गुलेली। युद्धसौर्यको एउटा नमूना। बहादुरीको एउटा नमुना। जनरल जिलेस्पीको कति सम्मान ! इमानदार देशभक्तको ! तर कसरी कुँदियो उसको नाम ! अँग्रेजले पानीको मूल बन्द गरेर महिला केटाकेटी भएको त्यस युद्धस्थललाई अमानवीय रूपमा के के गरेनन् ! त्यसको दारुण कथा आफ्नै छ; जसलाई समले अमरसिंह नाटकमा लेखे। पछि बलभद्र कृति। (एउटा सूचना दिएका छन् उनले। बलभद्र अमरसिंहकी छोरीका छोरा। वीरको सन्तति वीर। यस्ता राष्ट्रियताका छोराहरू यत्रतत्र प्रस्तुत छन् ती यथाप्रसङ्ग आएकै छन्।

वीर बलभद्रको प्रसङ्ग (पाण्डुलिपिबाट हेरौं, यसरी) –

उनी बाटामा हिँडेका बखत पनि महफ्वपूर्ण विशिष्ट पक्षलाई टिपोट गर्न बिर्सँदैनन्। विवेकानन्दको कुरा – रामकृष्ण परम्हंसका महान् शिष्य, जसको पूर्वीय अध्यात्म दर्शन विश्वप्रसिद्ध छ। (ज्ञान, विज्ञानको जोड।)

प्रसङ्गवशात् भूकम्पको कुरा आउँछ। भूकम्पका कुरा आउँदा उनी नेपालको विगतको भूकम्प सम्भन पुग्छन्। हो, पनि उनी त्यसैमा अलमलिन सक्तैनन्। किनभने आफ्नो बाटो खाली भूकम्पको दैनिकी दिने होइन। यात्रा दैनिकी टिपोट होइन। जुन कथाकार हरिहर खनालले गरे। अथवा जो कवितामा माधव घिमिरेले गरे। उनको बाटो त यसर्थमा विहङ्गावलोकन हो भूकम्पको,न त राजेन्द्रकुमार भण्डारीजस्तो पूर्णप्रसङ्ग दिने। तर यथासमय उनी त्यसलाई टिपोट गरिहाल्छन्। स्मृतिपथ यात्राको तगडा छ।

+++

मैले भन्दै थिएँ, उनी या त प्रकृतिमा रमाउँछन् या सांस्कृतिक केन्द्रमा, या त धार्मिक स्थलमा। उनका हराउने यिनै तीनचार ठाउँ हुन्। साहित्य र साहित्यिक पत्रकारिता त उनका पेवा नै भए। सिद्धिचरण प्रतिष्ठानको सन्दर्भ जोड्दै उनी एउटा कुरा उठाउँछन्, त्यो जोड्न जरुरी छैन। महान् कवि समालोचक, दार्शनिक, आधुनिक विचारक, जगदीश समशेर राणा, जसको अत्यन्त बौद्धिकता छ। उनको बसाइ सिमलामा छ। सिमला देहरादून मसूरी दिल्ली जतातत्तै उनी फिँजिएका छन्।

राष्ट्रियता सिक्किम, सिमला, टिष्टा, सतलजसम्म नेपाली जातीयता जोड्ने भाषा विशाल नेपालको। जुन सन्धि भएको थियो, त्यसैको अस्तित्व समाप्त भएपछि त्यसको सम्भौता स्वतः संशोधन हुनुपर्ने। आशा असम्भव छैन र एउटा विन्दुमा अडिने ठाउँ पनि छ। यी कुराहरू हरेक राष्ट्रवादी नेपालीले बोलिरहेका कुरा, उनले टिपोट गरेका छन् किटानसाथ।

उनको एउटा कुरा अचम्म लाग्छ। यात्राको क्रममा भन्डै दुई दर्जन बढीसँग हिँडेका छन्, तर तिनीहरूलाई उनले कुनै दुर्वाच्य गरेका छैनन्। असंस्कृत व्यक्तिलाई खोइरो पनि खनेका छन्। त्यो ध्वन्यात्मकतामा छ, स्पष्ट नबुभ्निने।जुन उनीसँग जाने व्यक्तिहरू छन् ............।

तर उनी नरमाएर पनि एकदमै रमाएका छन्। कुनै भुटमुटको खेती छैन। शायद यात्रावर्णन यस्तै हुँदो हो। यसलाई नियात्रा भन्नुपर्ने पनि जरुरी छैन। यो वाङ्मयको एउटा विशिष्ट कृति हो। कविले समाजशास्त्रको सूचक पनि भन्लान्। कतिले इतिहासको घुलमिल पनि भन्लान्। मैले यस कृतिलाई नियात्राको कृति भनिरहनुपर्ने जरुरी ठान्दिनँ। यसमा अनौपचारिकताका भलकहरू पनि छन्। कवितात्मकता त छँदै छ। कल्पनाको सौन्दर्यबोध छ (सौन्दर्यबोधका कुरा गर्दा पहिले पहिले पर्यायवाचीहरू तर्सन्थे। अहिले मूल मार्क्सवादीहरू त्यसतर्फ प्रवृत्त छन्, मोहनविक्रम, मोहन वैद्य यसैतर्फ प्रवृत्त छन्।) मोदनाथदेखि पारिजातसम्म – रमेश विकल।

+++

चर्चा चल्छ, विराङ्गना भाँसिकी रानी। पन्त बुरुक्क उफ्रन्छन्। म 'त्यसै वंशको वंशज' भनेर। प्रश्रितजीले धेरैधेरै अगाडि विराङ्गना भाँसीकी रानी उपन्यास लेखिसकेका छन्। त्यस बेलामा हामीलाई थाहा थिएन– हामीलाई ती रानी पन्त परिवारकी भन्ने।

आदर्श उदाहरणका प्रतीकयस्ता महान् व्यक्तिहरू कुनै जात, वर्ण, लिङ्गभन्दा पनि माथिका हुन्छन्।

+++

मैले भनेको थिएँ, इतिहासमा यिनको अभिरुचि छ। घटनावृत्तलाई कहाँबाट खोजेर निकाल्छन् ? थाहा छैन। हरेक शासित सत्ताको षड्यन्त्र भैँ राणाकालको षड्यन्त्र उदार शासक देवसमशेर सत्ताच्युत भई धनकुटा लखेटिए। केहीपछि मसूरी गए र भरीपानीमा बसे। महान्– देवसमशेर इतिहास भन्छ कठोर षड्यन्त्रकारीहरूले लखेटेकै हुन् देवसमशेरलाई। उनको सम्मानार्थ यस कुरालाई पन्तले अगाडि ल्याए। साहित्यिक पत्रकार पन्त गोरखापत्रका प्रवर्तक देवसमशेरलाई यसरी पनि सम्भन्छन्। यो एउटा प्रसङ्ग।

*(क्रमशः)*

# बढी नुन खाँदा हुने बेफाइदा



दालमा, सागसब्जीमा, मासुमा, अचारमा नुन अनिवार्य मानिन्छ। साँभ-बिहानको दालभात, दिउँसोको मःम, चाउमिन, चाउचाउ, समोसा, चाट, बेलाबखतको सितन। सबै खानपानमा नुनको मात्रा हुने नै भयो। चिकित्सकहरूको चेतावनी छ, 'नुनको मात्रा बढी भयो भने स्वास्थ्यमा हानि गर्छ।'

अहिलेको आधुनिक स्वास्थ्य विज्ञानलाई हेर्ने हो भने नुन हाम्रो शरीरको लागि अत्यन्त आवश्यक छ। हामीलाई २४ घण्टाभित्र ५ ग्राम नुन चाहिन्छ। यद्यपि, आयुर्वेदिक र पूर्वीय विज्ञानले भने नुन हामीले विभिन्न प्राकृतिक आहारबाट पनि पाउने गर्छौं। तथापि शरीरको लागि केही मात्रामा नुन आवश्यक रहेको छ। दुई वर्षअघि नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको सर्वेक्षण अनुसार नेपालीहरूले आवश्यकता भन्दा बढी नुन खाने गरेका छन्। १५ देखि ६९ वर्ष उमेर समूहका पाँच हजार बढी व्यक्तिमाथि सर्वेक्षण गरिएको थियो।

नुन एक प्रकारको रासायनिक तत्व हो। यसमा केही सूक्ष्म तत्वहरू हुन्छन्। नुनमा सोडियम, कोलोराइड मुख्य रुपले हुन्छ। नुन हामीले बढी नै प्रयोग गर्छौं। यसले शरीरमा सोडियमको मात्रा कायम राख्छ। मांसपेशी, तन्त्रिका, तरल पदार्थ आदिलाई सन्तुलनमा राख्न पनि नुनमा पाइने तत्वले विशेष भूमिका खेलिरहेको हुन्छ। रक्तचापको प्रवाहलाई नियन्त्रण गर्न केही न केही मात्रामा आवश्यक हुन्छ। त्यस्तै, स्नायु र मांसपेशीलाई सक्रिय राख्न मद्दत गर्छ। शरीरका अंगसम्म सूचना आदानप्रदान गर्नका लागि सोडियमको महत्वपूर्ण भूमिका हुन्छ।

हामी बढी नै नुनमा निर्भर भएका छौं। एक-दुई छाक छोड्दा गाह्रो हुने, एक-दुई दिन छोड्दा रक्तचाप घट्ने र त्यसपछि अभै केही दिन छोड्दा शरीरको तागत नै ओइलाएर जाने र लगातार छोडिरहँदा पछि बेहोस नै हुने स्थिति हुन्छ। तर जनावरले नुन नखाए पनि हृष्टपुष्ट नै देखिन्छन्। यसको कारण उनीहरू प्राकृतिक खानेकुराबाट नै नुनको परिपूर्ति गर्छन्। प्रायः सबै फलफूलमा चिनी र सागसब्जीमा नुनको मात्रा हुन्छ। पकाउँदाखेरि त्यसमा थप नुन हालेर खाने गर्छौं। प्राकृतिक तवरमै प्राप्त हुने नुनलाई पनि थप पकाएर हानिकारक बनाउने गर्छौं।

औसतमा हामीले न्यूनतममा पनि एक छाकमा दाल, तरकारी र अचार मात्र समावेश गरेर २-३ वटा तरकारी खाँदा १० ग्राम जति नुन खपत गरिरहेका हुन्छौं। किनभने हामीले एक भन्दा बढी तरकारी र अचार गरेर विभिन्न प्रकारका खानेकुरा खान्छौं, जुनमा स्वादअनुसारको नुनको प्रयोग गरिएको हुन्छ। अलि चर्को खानेहरूले दुई छाकमा २० ग्रामसम्म नुन प्रयोग गरिरहेको देखिन्छ। ज्यादा नुन सेवन गर्नु स्वास्थ्यका लागि हानिकारक हुन्छ।

हिजोआज खाजाको रुपमा जंकफुड प्रयोग गर्ने क्रम बढेकाले यसमा थप नुन खाइरहेका हुन्छौं। विश्व स्वास्थ्य संगठनका अनुसार भण्डै ३५ लाख मानिसको अत्यधिक नुन प्रयोगका कारण अल्पायुमै मृत्यु हुने गरेको छ। नुनको अत्यधिक प्रयोगले मिर्गौला, मुटु, पाचनप्रणाली, शरीरको चापदेखि हड्डीलाई हानि गर्छ। त्यसबाहेक छालालाई पनि नुनले हानि पुऱ्याउँछ। स्किनको चमक घटाउने, संक्रमण बढाउने, छालाको प्रतिरोधात्मक क्षमता कम गर्ने, एलर्जी हुने जस्ता समस्या आउन सक्छन्। विश्व स्वास्थ्य संगठनले दैनिक पाँच ग्राम भन्दामुनि नुन मानव शरीरका लागि आवश्यक हुन्छ भनेको छ। त्यसभन्दा बढी भएमा स्वास्थ्यलाई हानि पुऱ्याउँछ। नुनलाई अनिवार्य नै मान्न पनि सकिन्न। किनकि, योग, ध्यान तथा साधना गर्नेहरू लामो समयदेखि नुन नखाइकन पनि स्वस्थ छन्। जंकफुड लगायत अत्यधिक नुन प्रयोग भएका खानेकुरा सकेसम्म नखानु नै राम्रो हुन्छ। नुन कति मात्रामा खाने भन्ने विषयमा विभिन्न अध्ययनहरू भइरहेका छन्। तर चिकित्सकहरूले भने स्वास्थ्यका लागि बढी नुन हानिकारक भएको बताउने गरेका छन्। नुनले दिने पोषणका लागि प्राकृतिक खानेकुराबाट नै प्राप्त हुने भएकाले नुनको धेरै प्रयोग गर्नु आवश्यक देखिंदैन।

नेपालीहरूले सामान्यतः तोकिएको भन्दा ६ गुणा बढी नुन खाने गरेका छन्। त्यसैले यसको नियन्त्रणका लागि एउटा तरकारीमा आवश्यक नुन राख्ने र अर्कोमा कम वा राख्दै नराख्ने गर्न सकिन्छ। नुनको प्रयोगको सट्टा सागसब्जीबाट प्राप्त हुने प्राकृतिक नुनमै बढी जोड दिनुपर्छ। तर मुटुरोग र उच्च रक्तचापका बिरामीले नुन थपेर खाने गर्नुहुँदैन। प्रेसरको औषधिमा पिसाबको औषधि राखिएको हुँदा नुन बढी जाने हुन्छ। शरीरले चाहिएको खण्डमा मागिरहेको हुन्छ।

नुनको अत्यधिक प्रयोगले मिर्गौला, मुटु, पाचनप्रणाली, शरीरको चापदेखि हड्डीलाई हानि गर्छ। त्यसबाहेक छालालाई पनि नुनले हानि पुऱ्याउँछ। स्किनको चमक घटाउने, संक्रमण बढाउने, छालाको प्रतिरोधात्मक क्षमता कम गर्ने, एलर्जी हुने जस्ता समस्या आउन सक्छन्। किड्नी, फोक्सो र कलेजोले रगतलाई छान्ने काम गर्छन्। नुन सिधै रगतमा जाने हुँदा बढी हुँदा तीनवटै अंग थाक्छन्। जसकारण शरीरले चाहिने भन्दा बढी पानी माग्छ। त्यही अनुसारको पानी खाने र पिसाबबाट जाने हुँदा शरीरले आराम गर्न पाइरहेको हुँदैन। नुन खाँदा सकेसम्म हिमाली क्षेत्रमा बनेको खानुपर्छ, जसलाई बीरेनुन, सीधेनुन भनिन्छ। यस्ता नुन खाने बानी गर्दा शरीरलाई फाइदा पुग्छ।

नुनको मात्रा व्यक्ति हुर्केको वातावारण, पहिलेदेखि खाइरहेको खानपानमा भर पर्छ। शरीरलाई दैनिक नुन यति आवश्यक छ भने पनि शरीरको माग अनुसार खाने हो। नुन थपेर भने खानु हुँदैन। नुनको सट्टामा हामीले अन्य स्रोतबाट पनि पाउन सक्छौं। धेरै कसरत गर्ने व्यक्ति, खेतमा काम गर्ने व्यक्तिको लागि काम अनुसार नै नुन आवश्यक पर्छ। शारीरिक कसरत कम हुने व्यक्तिको लागि कम नुनको आवश्यक पर्छ।

हामीले प्राकृतिक खानेकुरा तरुल, आलु, सागसब्जीबाट नुन प्राप्त गरिरहेका हुन्छौं भने बजारमा पाइने पाकेटजन्य खानेकुरामा पनि केही मात्रामा नुन राखिएको जसले सेवनले स्वास्थ्यलाई हानि गर्छ। नुन हाम्रो स्वास्थ्यका लागि अतिआवश्यक भएको कारण स्वास्थ्यका लागि सन्तुलनमा खाँदा हानिकारक हुँदैन। यसको अत्यधिक मात्रामा प्रयोगले मात्र शरीरलाई हानि गर्छ। उच्च रक्तचाप, मुटुरोग भएका व्यक्तिले नुन कम खानुपर्छ। उच्च रत्तचापका बिरामीले नुन सकेसम्म एकपटक तरकारी खान बसेपछि नुन थप्नु हुँदैन। नुन थपेर खानु स्वास्थ्यका दृष्टिकोणले हानिकारक मानिन्छ। उच्च रक्तचाप भएकाले सकेसम्म एकपटक तरकारी खान बसेपछि नुन थपेर खानु हुँदैन। नुन खाइरहने व्यक्तिले नुन नखाँदा शरीरमा बल नहुने, बेहोस हुने, वाकवाकी लाग्ने सम्भावना हुन्छ भने धेरै नुन सेवनले रक्तचाप, मुटुरोगको समस्या निम्त्याउँछ।

धेरै नुन खानुले उच्च रक्तचाप, हृदयघात, मिर्गौला समस्या निम्त्याउने गर्छ। यसको मतलब नुनलाई पूर्ण रूपमा छाड्नपर्छ भन्ने होइन, तर नुन वास्तवमा मानव शरीरको लागि महत्वपूर्ण पोषक तत्व हो। विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार भर्खर जन्मेका शिशुदेखि ६ वर्षका बालबालिकालाई दैनिक ९० माइक्रोग्राम, ६ देखि १२ वर्षसम्मका बालबालिकालाई १२० माइक्रोग्राम, गर्भवती तथा दूध खुवाउने आमालाई दैनिक २५० माइक्रोग्राम तथा किशोरकिशोरी र वयस्कलाई १५० माइक्रोग्राम आयोडिन दैनिक आवश्यक पर्छ।

# अभिनवले कविता प्रतियोगिता गर्ने

काठमाडौं। अभिनय साहित्य समाजले मा.वि. स्तरीय कविता प्रतियोगिता गर्ने भएको छ। यही भदौ २४ गते शुक्रबार टाइमलाइन मा.वि. गोकर्णेश्वर न.पा. ५ काठमाडौंमा उक्त प्रतियोगिता हुने भएको हो। रमेश विकलको नाममा स्थापित विकल बाल प्रतिभा पुरस्कार छनौटको लागि देशव्यापी मा.वि. स्तरीय स्थलगत आशु कविता लेखन तथा वाचन प्रतियोगिता हुने भएको छ।

रमेश विकलको जन्मजयन्तीको अवसर पारेर आरूबारीमा आयोजना हुने कार्यक्रममा विजयीलाई बाल साहित्यका पुस्तक, मेडल र प्रमाणपत्रसहित प्रथम, द्वितीय र तृतीयलाई क्रमशः नगद ५०००।–, ३०००।–, २०००।– र दुई सान्त्वनाको लागि रू १०००।– रुपैयाँ दिइने छ। प्रतियोगिताको नतिजा सोही दिन घोषणा गरी पुरस्कार वितरण गरिने भएको छ।

# यसरी टाटपल्टिए यी देश




विष्णु भट्टराई
















सन् २००१ मा पहिलोपटक टाट पल्टिएको दक्षिण अमेरिकी देश अर्जेन्टिना त्यसयता पनि आर्थिक संकटसँग जुधिरहेकै छ। सन् १९८९ मा द न्युयोर्क टाइम्समा प्रकाशित लेखअनुसार त्यो बेला अर्जेन्टिनाको वार्षिक मुद्रास्फीति दर १२ हजार प्रतिशत अनुमान गरिएको थियो। देशको उच्च मुद्रास्फीतिलाई नियन्त्रण गर्न सरकारले आफ्नो मुद्रा पेसोलाई अमेरिकी डलरसँग जोड्यो। यसले केही अपेक्षित सकारात्मक परिणाम दिएर विदेशी पुँजी आकर्षित गर्न मद्दत गरे पनि अर्जेन्टिनाको करेन्सी एप्रिसिएसन (मुद्रा अधिमूल्यन) का कारण त्यहाँको निर्यात बाँकी विश्वको तुलनामा महँगो हुन पुग्यो। अर्थात्, विदेशीले अर्जेन्टिनाका सेवा तथा वस्तु किन्न बढी पैसा तिर्नुपर्ने अवस्था आयो। यसले बेरोजगारी बढायो र कर संकलन घट्यो। अन्ततः सन् २०११ मा झन्डै १ खर्ब डलर तिर्न नसकेर अर्जेन्टिना डिफल्टको अवस्थामा पुग्यो। २०१२, २०१६, २०२० मा पनि अर्जेन्टिना टाट पल्टिएको थियो।

श्रीलंका जत्ति त अझै होइन, लगभग उस्तै चरम आर्थिक चुनौती झेलिरहेको अर्को एसियाली देश हो, लाओस। चर्को वैदेशिक ऋण, इन्धन अभाव र बढ्दो मुद्रास्फीतिले लाओसवासीको दैनिकी यति बेला कष्टकर छ। गत अप्रिलमा प्रकाशित विश्व बैंकको प्रतिवेदनअनुसार वैदेशिक ऋण साढे १४ अर्ब डलर पुगेको छ।

श्रीलंकाझैं लाओस पनि विदेशी ऋण चुक्ता गर्न नसक्ने स्थितिमा पुगेको छ। तर उसले घुँडा टेकिसकेको छैन। करिब ७३ लाख जनसंख्या रहेको दक्षिणपूर्वी भूपरिवेष्टित देश लाओसमा इन्धन अभाव, खाद्य संकट र मूल्य वृद्धि अचाक्ली बढेको छ। राजधानी भियान्सिआनका पेट्रोल पम्पहरूमा मानिसको लामो लाइन देखिन्छ। त्यहाँको मुद्रास्फीति २२ वर्षकै उच्च २२.६ प्रतिशत पुगेपछि विरोध प्रदर्शन भइरहेका छन्। पछिल्लो चार महिनामा लाओसमा इन्धनको मूल्य ४० प्रतिशतले बढेको छ।

कुनै बेलाको स्थिर र समृद्ध देश श्रीलंका त अशान्ति र संकटमा छ। राष्ट्रपति देश छाडेर भागेका छन् भने प्रधानमन्त्री रनिल विक्रमासिंघेले कंगाल बनेको घोषणा गरेका छन्। सरकारले मे महिनामै वैदेशिक ऋण तिर्न नसक्ने गरी 'डिफल्ट' अवस्थामा पुगेको बताएको थियो। त्यसयता श्रीलंकामा सत्ताविरोधी आन्दोलन र प्रदर्शन चर्किरहेका छन्।

वैदेशिक रकम सञ्चिति रित्तिएपछि श्रीलंकाले अत्यावश्यक सामग्री आयात गर्न सकेको छैन। त्यहाँका २ करोड २० लाख नागरिकले खाना, औषधि र इन्धन किन्न संघर्ष गरिरहेका छन्। इन्धन जोगाउन सरकारले कम आवश्यकताका सार्वजनिक सेवा बन्द गर्ने घोषणा गरेको छ। खाना पकाउने ग्यासदेखि पिठो, धूलो दूधको समेत अभाव छ। युनिसेफका अनुसार श्रीलंकाका ५७ लाख मानिसलाई मानवीय सहायताको खाँचो छ। तीमध्ये करिब २३ लाख बालबालिका कुपोषण र वेस्टिङ (उचाइअनुरूप तौल नहुने) रोगले ग्रसित छन्। दशकौं लामो भ्रष्टाचार, अव्यवस्था, वंशवादलगायत कारणले श्रीलंका यो हालतमा पुगेको विश्लेषकहरू बताउँछन्।

राजपाक्ष प्रशासनको आर्थिक नीति, गरिबी र विदेशी मुद्रा अभावले वर्तमान संकटलाई तीव्र बनाएको उनीहरूको भनाइ छ। सन् २०१९ मा सत्तामा आएका महिन्दा राजपाक्षले कर कटौतीको नीति लिएका थिए। त्यसको केही समयपछि फैलिएको कोभिड-१९ महामारीले श्रीलंकाको अर्थतन्त्र नाजुक बनाइदियो। त्यसअघि नै इस्टरको समयमा भएको बम आक्रमणले त्यहाँको पर्यटन उद्योगलाई धरापमा पारेको थियो।

सन् २०१९ मा उच्च-मध्यम आय भएको देश श्रीलंका अहिले रुग्ण बनेपछि त्यहाँका नागरिकले 'हामीलाई किन भिखारी बनाएको ?' भन्दै सरकारसँग प्रश्न गरिरहेका छन्। तर, श्रीलंका पहिलोपटक आर्थिक रूपमा टाट पल्टिएको होइन। सन् १९७४ मा पनि त्यहाँको अर्थतन्त्र धराशायी बनेको थियो। त्यो बेलाको विश्वव्यापी तेल संकटले श्रीलंकालाई ठूलो झट्का दियो, गरिबी बढायो।

तर, सन् २००७ देखि २०१६ को बीचमा श्रीलंकाले राम्रो प्रगति गरेको थियो। शिक्षा र सडक सञ्जाल निर्माणका परियोजना बनाएर कार्यान्वयनमा ल्याउनुका साथै द्वन्द्वपीडित एवं ग्रामीण भेगका नागरिकलाई राहत र रोजगारीको व्यवस्था गरिएको थियो। यसरी वार्षिक औसत ६ प्रतिशतको आर्थिक वृद्धिले श्रीलंकालाई उच्च-मध्यम आय भएको देशमा पुऱ्यायो। एसियाली विकास बैंकको प्रतिवेदनअनुसार सन् २०१६ को अन्त्यसम्म प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ३ हजार ८ सय ३५ डलर थियो। अर्थ व्यवस्थामा भएको संरचनागत सुधारले श्रीलंकालाई माथि उठाए पनि राजनीतिक नेतृत्वको आर्थिक अनियमितताले त्यो पुनः क्रमशः गिर्दै गयो।

विश्लेषकहरूका अनुसार श्रीलंकाको सत्तामा आएका प्रत्येक शासकको आर्थिक अनुशासनहीनताले देशको सार्वजनिक वित्तलाई कमजोर बनाउँदै लग्यो। तिनले आयभन्दा बढी खर्च हुने र व्यापारयोग्य वस्तु तथा सेवाको उत्पादन अपर्याप्त स्तरमा पुऱ्याएर देशलाई लथालिंग हालतमा छोडिदिएका छन्। यो अवस्थाबाट कसरी पुनः माथि उठ्ने ? आफ्नै अघिल्लो अनुभव र अन्य देशको आर्थिक उतारचढावबाट श्रीलंकाले पाठ सिक्न सक्ने अवस्था भने छँदै छ।

आन्तरिक वा वैदेशिक ऋण चुक्ता गर्न नसकी 'डिफल्ट' अवस्थामा पुगेका र ऋणको साँवा वा ब्याज मिनाहाका लागि अनुनय गर्दै ब्यांकरप्सीको घोषणा गर्ने देश थुप्रै छन्। रोयटर्सको समाचारअनुसार लेबनान, रुस, सुरिनामा, जाम्बियाले वैदेशिक ऋण तिर्न नसकेर डिफल्टर बनेका छन्। बेलारुस, म्यानमार, पाकिस्तान, युक्रेनलगायत दर्जनौं देश अहिले टाट पल्टिने अवस्थामा पुगेको रोयटर्सको विश्लेषण छ।

द बिजनेस स्ट्यान्डर्ड न्युजका अनुसार युरोपेली महाद्वीपका करिब आधाजसो देश, अफ्रिकाका ४० प्रतिशत र एसियाका ३० प्रतिशत देशले विगत दुई शताब्दीको अवधिमा ब्यांकरप्सीको घोषणा गरेका छन्। ब्यांकरप्सीको घोषणा गर्नु भनेको तिर्छु भनेर लिइएको ऋणको साँवा र ब्याज समयसीमाभित्र भुक्तान गर्न नसकी त्यसमा छुट माग्ने स्थितिमा पुग्नु हो। डिफल्टेडचाहिँ कसैगरी पनि समयसीमाभित्र ऋण तिर्न नसक्ने अवस्थामा पुग्नु हो।

विश्व बैंकको ब्यांकरप्सी अराउन्ड द वर्ल्ड रिपोर्ट-२००२ का अनुसार त्यो बेलासम्म अस्ट्रेलिया, बेल्जियम, क्यानडा, चिली, जापान, कोरिया, थाइल्यान्ड, टर्कीलगायत ३२ देश ब्यांकरप्ट भएका थिए। इक्वेडर, ब्राजिल, मेक्सिको, उरुग्वे, चिली, कोस्टारिका, स्पेन र रुसले पटक-पटक टाट पल्टेको घोषणा गरेका छन्। जर्मनी, संयुक्त राज्य अमेरिका, चीन र जापान पनि ब्यांकरप्सी घोषणा गर्ने देशहरू हुन्। इतिहासको कुनै न कुनै कालखण्डमा अधिकांश देश ऋण तिर्न नसकेर टाट पल्टिएका छन्, कुनै चरम आर्थिक संकटबाट गुज्रिएका छन्। तर, ती सबै देशले ब्यांकरप्सी वा डिफल्टेडको घोषणा गरेका छैनन्। कतिले चाहिँ ऋण तिर्न अटेर गरेर ब्यांकरप्सी घोषणा गर्छन्। विभिन्न मुलुक टाट पल्टिएको इतिहास केलाउँदा भेटिने समानता अनुत्पादक क्षेत्रमा खर्च, वैदेशिक ऋणभार थप्दै जानु तर आर्थिक अनुशासन पालना नगर्नु भेटिन्छन्।

इतिहासमा पहिलोपटक इसापूर्व ३७७ मा टाट पल्टिएको ग्रिस विकसित देशहरूमध्ये पहिलो नै मानिन्छ। फेरि सन् २०१५ मा पनि अन्तर्राष्ट्रिय मुद्रा कोषको १ अर्ब ७० करोड डलर तिर्न नसकी ग्रिसले हात उठाएको थियो। सन् २००१ मा युरोजोनमा संलग्न भएपछि ग्रिसको अर्थतन्त्रले समस्या भोग्न थालेको थियो। तर, युरोलाई आफ्नो मुद्रा मान्नुअघि नै ग्रिसको अधोगति सुरु भएको थियो।

सन् १९८० को दशकमा ग्रिक सरकारले विस्तारित वित्तीय तथा मौद्रिक नीति आत्मसात् गरेको थियो। त्यसले अर्थतन्त्र बलियो बनाउनुको सट्टा देशको मुद्रास्फीतिको दर, वित्तीय र व्यापार घाटा बढायो भने विनिमय दरको संकट सिर्जना गऱ्यो। युरोजोनमा सामेल भएपछि ग्रिस सरकारले केही समय कर छलीका घटना गोप्य राखे पनि ती बिस्तारै प्रकट भए। सन् २००८ को आर्थिक संकटले ग्रिसको अर्थतन्त्रलाई धूलिसात पाऱ्यो। नागरिकले आन्दोलन गरे। एक दशकको आर्थिक मन्दीपछि सन् २०१७ यता ग्रिस बिस्तारै माथि उठ्न थालेको छ। बेरोजगारीको दर घट्दै गएपछि सन् २०१७ मै यसले पहिलोपटक ऋणपत्र जारी गर्न सक्यो।

ग्रिस सरकारले करको मूल्य घटाउनुका साथै सेवा निवृत्तिको उमेर बढाएको छ। युरोपको सबैभन्दा ठूलो सहरी विकास योजना 'द हेलिनिकन प्रोजेक्ट' कार्यान्वयनको चरणमा छ। घरजग्गा कारोबार, पर्यटन, नवीकरणीय ऊर्जा, कृषि, औषधि उद्योग, स्टार्ट-अप व्यवसाय फस्टाउने क्रममा छन्। सार्वजनिक प्रशासनको पुनःसंरचना, सरल सरकारी प्रक्रिया र लगानीकर्ताको जीवन सहज बनाउन सरकारले खेलेको भूमिकाले ग्रिसको अर्थतन्त्रलाई नयाँ युगतर्फ डोऱ्याइरहेको विश्लेषकहरू बताउँछन्।

आर्थिक रूपमा टाट पल्टिएको अर्को देश हो, आइसल्यान्ड। सन् २००८ मा यो देश प्राविधिक रूपमा ब्यांकरप्ट भएको बीबीसीले उल्लेख गरेको छ। त्यहाँका प्रमुख तीन ठूला बैंक वैदेशिक ऋणमा डुबेका थिए। तिनले लिएको ऋण आइसल्यान्डको कुल गार्हस्थ्य उत्पादनको १० गुणा र देशको बजेटको २० गुणा बढी थियो। तसर्थ, ऋण छुट दिन सक्ने अवस्थै थिएन। आइसल्यान्डको पुँजी बजार रातारात ८० प्रतिशतले ध्वस्त भएपछि त्यहाँका प्रत्येक व्यवसाय गर्ल्यामगुर्लम्म ढलेका थिए। तीन दिनभित्रमा ९७ प्रतिशत बैंकिङ क्षेत्र डामाडोल हुनु चानचुने थिएन। यसलाई इतिहासकै ठूलो बैंकिङ पतनका रूपमा हेरिन्छ। उक्त घटनामा सरकारले बैंकका कार्यकारीलाई जेल हालेको थियो। मार्केट म्यानुपुलेसन, फ्रड, झूटा ऋण विवरणजस्ता कसुरमा २६ जनाभन्दा बढी ब्यांकर झ्यालखानामा जाकिए।

रोचक के छ भने, आर्थिक संकट झेलेको दुई वर्षभित्रमै आइसल्यान्डले आर्थिक पुनरुत्थानको बाटो समात्यो। त्यहाँका बैंकलाई सरकारीकरण गरेर स्वदेशी र विदेशी अपरेसनमा विभाजन गरियो। स्वदेशी निक्षेपको सरकारले जिम्मा लियो। एक चौथाइ जनसंख्याको ऋण मिनाहा हुने गरी कार्यक्रम ल्याइए। बजारमा प्रतिस्पर्धा पुनःस्थापना र व्यापार सन्तुलन कायम गर्न सन् २००७ देखि २००८ को अन्त्यसम्म सरकारले ६० प्रतिशतले मुद्रा अवमूल्यनको अनुमतिसमेत दियो। यसले त्यहाँको पैसा सस्तो बनायो जसले आइसल्यान्डमा पर्यटक ओइरिए। सन् २००९ देखि विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने (क्यापिटल कन्ट्रोल) निर्णय गरियो।

आइसल्यान्डको पुनरुत्थानको कथा यसले प्राथमिकता दिएका विषय, कसलाई कसरी जोगाउने र आर्थिक भार कहाँ थुपार्ने भन्नेमा कारण महत्वपूर्ण छ। सरकारी नीतिले आयको पुनः वितरणलाई आर्थिक उछालअघिकै सामान्य स्तरमा पुर्‍याउन मद्दत गरेको थियो। विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतका रूपमा आइसल्यान्डमा अहिले पर्यटन फस्टाएको छ। त्यसअघि माछा पालन उद्योगलाई विदेशी मुद्रा आर्जनको पहिलो स्रोत मानिन्थ्यो। त्यसमा सीमित धनाढ्य वर्गको मात्रै पहुँच थियो। पर्यटन फस्टाएपछि माछा उद्योगप्रतिको निर्भरता कम भएको छ।

सन् १९१८ मा पहिलोपटक टाट पल्टिएको रुस १९९८ मा पनि सोही अवस्थामा पुगेको थियो। अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सोभियत युनियनको पतनपछि रुसले सन् १९९३ मा १ खर्ब डलरको बाह्य ऋण लिएको थियो। एसियाली आर्थिक संकट र तेलको मागमा ह्रास आएपछि रुसी अर्थतन्त्र दबाबमा पऱ्यो। यसले गर्दा अन्तर्राष्ट्रिय दातासँग ऋण लिनुपर्ने अवस्था आयो। सन् १९९८ मा रुसी पुँजी बजारले ७५ प्रतिशत मूल्य गुमायो, मुद्रास्फीति ८० प्रतिशतले बढ्यो। लगानीकर्ताहरू बजारबाट बाहिरिए। अन्ततः देश आर्थिक रूपमा धर्मरायो। त्यसपछि पनि रुस बेलाबेला आर्थिक संकटमा पर्ने गरेकै छ। विदेशी ऋण नतिर्ने यसको पुरानो बानी पनि हो भन्ने गरिन्छ।

पछिल्लो समय रुसले युक्रेनमा आक्रमण थालेपछि संयुक्त राज्य अमेरिका र युरोपले रुसको अर्थतन्त्र संकुचित गर्ने स्पष्ट उद्देश्यसाथ आर्थिक युद्धको रणनीति अवलम्बन गरिरहेका छन्। रुसको वैदेशिक मुद्रा सञ्चिति ठप्प पार्ने, अन्तर्राष्ट्रिय वित्तीय सञ्जाल स्विफ्ट पेमेन्ट प्रणालीबाट रुसी बैंकलाई हटाउने, निर्यात नियन्त्रणजस्ता आर्थिक प्रतिबन्धका रणनीतिहरू अपनाएर पश्चिमा राष्ट्रहरूले रुसी अर्थतन्त्रको जरा हल्लाउन खोजिरहेका छन्। तर, रुसले यस्ता झट्का धेरै पटक झेलिसकेको छ र आफ्नो अर्थतन्त्रले त्यस्ता पीडा सहन सक्ने तागत आफूमा रहेको पटक-पटक प्रमाणित गरेको छ। तर, यो कसरी सम्भव भइरहेको छ भन्ने धेरैका लागि कौतुहलको विषय हुन सक्छ।

त्यसको सजिलो जवाफ हो, इन्धन। अर्थतन्त्र जतिसुकै डामाडोल भए पनि रुस सधैं जागिरहन सक्नुको मूल कारण कच्चा तेललाई मानिन्छ। अघिल्ला संकटहरूका बेला तेलको मूल्य घटेको थियो, जसले गर्दा रुसको अर्थतन्त्र धर्मराउन पुग्यो। त्यहाँको केन्द्रीय बैंकसँग विदेशी रकमको सञ्चिति सकियो। तर, यसपटक तेलको मूल्य अकासिएको छ। युक्रेनसँगको युद्धको पहिलो एक सय दिनमा रुसले तेल निर्यात गरेर १ खर्ब डलर राजस्व संकलन गरेको थियो। अप्रिलमा कीर्तिमानी ३८ अर्ब डलरको तेल निर्यात गरेको तथ्यांक छ। रुसी नागरिकलाई खुसी पार्न मस्कोले निवृत्तिभरण र न्यूनतम पारिश्रमिक १० प्रतिशतले वृद्धि गरेको छ।

ग्रुप सेभेन देश (क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र संयुक्त राज्य अमेरिका) का नेताहरूले रुसको यो यथार्थ बुझेको हुनाले यसपालि रुसी तेलमा सीमा तोकिदिने विषयमा छलफल भइरहेको छ। यसो गरिएमा पुटिनको प्रमुख आर्थिक आधार (इकोनमिक लाइफलाइन) मै धक्का पुग्ने अनुमान छ। यसका साथै ट्यारिफहरूमार्फत मुद्राको कन्भर्सनलगायत विषयमा पनि पहल गरिनुपर्ने जानकारहरू बताउँछन्।

युक्रेन, मेक्सिको, लेबनानजस्ता देश पनि चरम आर्थिक संकटबाट गुज्रिनेमध्येमा पर्छन्। सन् २०१७ र २०१८ मा ६० अर्ब डलर तिर्न नसकेर ल्याटिन अमेरिकी देश भेनेजुएला टाट पल्टिएको थियो। अहिले यो सुधारको पथमा देखिन्छ। त्यहाँका राष्ट्रपति निकोलस मुड्रोले केही अघि मात्रै देश विकासको बाटोमा अघि बढेको बताएका थिए। 'आर्थिक युद्ध, बहिष्कार र नाकाबन्दीको पाँच वर्षपछि भेनेजुएला आर्थिक विकासको बाटोमा फर्किएको छ,' उनले भनेका थिए, 'सन् २०२१ मा ३३ प्रतिशतले निर्यात बढेको छ।' भेनेजुएलामा पछिल्लो समय ३.१ प्रतिशतले लगानी बढ्नुका साथै गैरतेल निर्यात ४.९ प्रतिशतले वृद्धि भएको मुड्रोको भनाइ छ। प्रतिदिन २० लाख ब्यारेल तेल निर्यात गर्ने सरकारको लक्ष्य रहेको पनि उनले बताएका थिए। बैंकहरूले उद्यमशीलता प्रवर्द्धनका लागि कर्जा विस्तारका कार्यक्रम चलाइरहेका छन्। तेलमा धनी देश भेनेजुएलाको वर्तमान समाजवादी सरकारले नगद प्रवाह र आयात प्रतिबन्ध खुकुलो बनाउनुका साथै अनौपचारिक डलरीकरणलाई प्रोत्साहन दिएको छ। जब कुनै देश डिफल्ट वा ब्यांकरप्सीको स्थितिमा पुग्छन्, तिनले सामान्यतया अन्तर्राष्ट्रिय मुद्रा कोष गुहार्ने गरेका छन्। ऋण र पुनरुत्थानका प्याकेजका लागि सहायता माग्छन्। श्रीलंकाले पनि अप्रिल १७ मा १७ औं पटक आईएमएफ गुहारेको थियो। यसले ४ अर्ब डलरको बेलआउट प्याकेज माग गरेको छ।

*(एजेन्सीहरूको सहयोगमा)*

## अस्ताए सोभियत संघका अन्तिम राष्ट्रपति मिखाइल गोर्बाचोभ

सोभियत संघका पुर्वराष्ट्रपति मिखाइल गोर्बाचोभको निधन भएको छ। ९१ वर्षको उमेरमा गोर्बाचोभको निधन भएको हो। उनी लामो समयदेखि बिरामी थिए। गोर्बाचोभले कुनै रक्तपात बिना नै शीत युद्धको अन्त्य गरेका थिए। यद्यपी उनी सोभियत संघको पतनलाई रोक्न असमर्थ भएका थिए। मिखाइल गोर्बाचोभ सोभियत संघका आठौं र अन्तिम राष्ट्रपति थिए।

गोर्बाचोभ सोभियत संघका अतयन्त प्रभावशाली नेता थिए। उनी नोबेल पुरस्कारबाट पनि सम्मानित भएका थिए। बुधबार मस्कोमा उनको अन्तिम संस्कार गरिदैंछ।



गोर्बाचोभ सन् १९८५मा सोभियत संघका नेता चुनिएका थिए। १९८५ देखि १९९१सम्म उनी सोभियत संघका कम्युनिष्ट दलका महासचिव रहे। त्यसपछि उनी १९८८ बाट १९८९सम्म प्रेसिडियम अफ सुप्रिम सोभियतका अध्यक्ष थिए। १९९० देखि १९९१ सम्म गोर्बाचोभ सोभियत संघका अन्तिम राष्ट्रपतिका रुपमा कार्यरत थिए।

उनको निधनमा रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले शोक व्यक्त गरेका छन्। यसैगरी, बेलायतका पुर्व प्रधानमन्त्री बोरिस जोनसोन, फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रो, संयुक्त राष्ट्र प्रमुख एन्टोनियो गुतारेस र अमेरिकी नेता तथा बडी सिबल्डर अरनाल्ड श्रवाजनेगरले पनि सामाजिक संजालमा दुःख व्यक्त गरेको छन्।

गोर्बाचोभलाई विवादस्पद व्यक्ति मानिन्छ। पुटिन र उनको सम्बन्ध राम्रो थिएन। पुटिन सोभियत संघ टुक्रिनुलाई दुःखद घटना मान्छन्। यसकालागि गोर्बाचोभलाई जिम्मेवार मानिन्छ। पुटिनका साथ कैयन् रुसी नेताहरूले सोभियत संघ टुक्रिएपछि रुसको अर्थतन्त्र कमजोर भएको मान्छन्। सो समय रुसले आर्थिक संकटको सामना गरिरहेको थियो।

गोर्बाचोभले ग्लासनोस्त अर्थात् अभिव्यक्तिको स्वतन्त्रताको निती पनि समर्थन गरेका थिए। सोभियत संघको विघटनपछि गोर्बाचोभले रुसी संचारमाध्यम र कला क्षेत्रलाई स्वतन्त्रता दिएका थिए। उनले सरकारमाथि कम्युनिष्ट दलको पकडलाई खुकुलो पार्न कैयौं क्रान्तिकारी सुधारहरू पनि ल्याए। यससँगै हजारौं राजनीतिक कैदी र कम्युनिष्ट शासनका आलोचकहरू पनि जेलबाट रिहा भए। गोर्बाचोभले अमेरिकासँग आणविक निशस्त्रीकरणको सम्झौतामा हस्ताक्षर गरेका थिए। शीतयुद्धको शान्तिपुर्ण अन्त्यकालागि सन् १९९०मा उनलाई नोबेल पुरस्कार पनि दिइएको थियो।

प्रेरक

## परिश्रम र सफलता

एक व्यापारीलाई व्यापारमा चर्को घाटा लाग्यो । उनको व्यापार पूरै डुब्यो । व्यापार डुबेपछि उनी ऋणमा डुबे । उनी निकै निराश भए । ऋणैऋणमा डुबेको जीवनदेखि दिक्क भएर उनी एक दिन एउटा घना जंगलमा पुगे । त्यहाँको शान्त वातावरणमा उनी लामो समयसम्म एक्लै बसे । मन केही स्थिर भएपछि उनले भगवान्लाई सम्बोधन गर्दै भने- हे भगवान् ! मैले जीवनमा जहिल्यै इमानदारीपूर्वक परिश्रम गरेँ । तर, मलाई जहिल्यै असफलतासिवाय केही हात लागेन । अब त म जीवनदेखि हारिसकेँ प्रभु ! मलाई मार्गदर्शन गर्नुहोस् ।

व्यापारीको पुकार सुनेर भगवान् उनीसामु प्रकट भए । भगवान्ले नजिकै रहेको बाँसको घारी र जमिनमा रहेको बाक्लो झारघाँस देखाउँदै भने- तिमीले उः त्यो बाँस र यो घाँस देखेका छौ नि ? यी दुवैको बीज मैले एकसाथ रोपेको थिएँ । मैले दुवैको समान रेखदेख गरेँ, दुवैलाई बराबर मलजल गरेँ, समान रूपमा प्रकाश दिएँ । घाँसको बिउ छिटै अंकुरित भयो, छिटोछिटो बढ्न थाल्यो । हेर्दाहेर्दै छोटो समयमै धर्तीलाई हराभरा बनायो । तर, बाँसको बिउमा टुसासम्म उम्रेन । मैले हिम्मत नहारी लगातार उसको सेवा गरिरहेँ ।

पहिलो वर्षको मेरो परिश्रम त्यसै खेर गयो । मैले बाँसको बिउमा मलजल गरिरहेँ । दोस्रो वर्ष पनि त्यसमा कुनै प्रगति भएन । यसैगरी तेस्रो, चौथो वर्षमा पनि मेरो परिश्रमको कुनै अर्थ देखिएन । तर, निराश नभई मलजल गर्दै रहेँ । आखिरमा पाँच वर्ष बितेपछि बाँसको बिउ पनि अंकुरित भयो । मौलाएर पृथ्वीलाई नै ढाकिसकेको घाँसको तुलनामा बाँसको बिरुवा निकै सानो र कमजोर देखिन्थ्यो । तर, ६ महिनापछि बाँस एक सय फिटभन्दा बढी अग्लो भयो । मैले पाँच वर्षसम्म यति सेवा गरेको थिएँ कि उसको जरा एक सय फिटभन्दा अग्लो बाँसलाई थाम्न सक्ने गरी मजबुत भइसकेका थिए ।

त्यसैले, तिमी पनि एकपटकको व्यापार असफल भयो भनेर किन दुःखी हुन्छौ ? परिश्रमलाई निरन्तरता दिइराख, सफलता तिम्रा सामु आफैँ उपस्थित हुनेछ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । व्यापार र पेसामा राम्रै फाइदा हुनेछ । रमाइलो यात्रा हुनुका साथै स्वादिष्ट खानपानको समेत आनन्द प्राप्त हुनेछ । दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । पैसाको कारोबार गर्दा सतर्क रहनु पर्नेछ ।

### वृष

परिस्थितिसँग सम्झौता गर्नुपरे पनि मिहिनेतले विभिन्न अवसर दिलाउनेछ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । दिउँसोदेखि नयाँ काम प्रारम्भ गर्न सकिनेछ । प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्य फाइदा उठाउन सकिनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । पुरुषार्थद्वारा शत्रुको मनोबल कमजोर बन्नेछ । घरपरिवारकै सदस्यहरूबाट धोका हुन सक्छ ।

### मिथुन

बिहान घरेलु काममा अलमलिनुपरे पनि दिन उपलब्धिमूलक रहनेछ । अध्ययनको नतिजा राम्रो आउनेछ । काममा शुभचिन्तकहरूको साथ-सहयोग जुट्नेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । अभिव्यक्ति र लेखन कलामा पनि निखारता आउनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

### कर्कट

नयाँ काम र व्यापारमा बिहानको समय अनुकूल रहनेछ । मिहिनेतले दिगो फाइदा दिलाउनेछ । छोटो समयमै राम्रो प्रतिफल प्राप्त हुनेछ । दिउँसोदेखि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । बेसुरमा बोल्ने बानीले दुःख पाइनेछ । समयमै व्यवहारमा बुद्धि पुऱ्याउनु पर्ला ।

### सिंह

नयाँ काम गर्न केही समय लाग्नेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । दिउँसोदेखि स्थितिमा सुधार आउनाले उत्साह जाग्नेछ । सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम पनि सम्पादन हुनेछन् । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् । प्रयत्न गर्दा नाम, दाम र इनाम प्राप्त हुने समय छ । कामको उचित मूल्यांकन हुनेछ ।

### कन्या

बिहान केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्दा मानसम्मानमा आघात पुग्न सक्छ । तापनि दिउँसोदेखि स्थितिमा सुधार आउनेछ । बौद्धिक क्षमतामा निखारता आउनेछ । बुद्धिको उपयोगले ठूलो काम सम्पादन हुनेछ। सहयोगीहरूले साथ दिनेछन् । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । मिहिनेतले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ । मित्र तथा आफन्तजनहरूसँग होसियार रहनु होला ।

### तुला

केही खर्चिला काम गर्नुपरे पनि लक्ष्यमा पुग्न सफल भइनेछ । स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो हुनेछ । नयाँ कामतर्फ विशेष अवसर प्राप्त हुनेछ । पहिलेको सफलताले पनि हौसला जगाउनेछ । व्यापारमा फाइदा हुनेछ । प्रेम र मित्रताको बन्धन पनि कसिनेछ । परम्परालाई समयसापेक्ष सुधार गर्न सफलता मिल्नेछ । सोचेको कुरा नपुग्दा केही चिन्ता बढ्ला ।

### वृश्चिक

आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने समय रहेकाले चनाखो रहनुहोला । भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । परिवारजनबाट टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । दिगो योजनाका लागि ऋण लिनुपर्ने आवश्यकता पर्न सक्छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । अरूको करकापमा काम गर्दा हानि हुन सक्छ ।

### धनु

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । थोरै लगानीबाट मनग्य नाफा उठाउन सकिनेछ । परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत बढ्नेछन् । व्यापार तथा साझेदारीमा लाभ हुनेछ । मिहिनेत गर्दा काममा अनुमानभन्दा बढी फाइदा उठाउन सकिनेछ । लाभांशबाट अरूको समेत सेवा गर्न सकिनेछ ।

### मकर

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आफ्नो क्षेत्रमा दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । काममा फुर्ति बढ्नेछ ।

### कुम्भ

अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला। आकस्मिक समस्याले चिताएको काम रोकिनेछ भने मनमा निराशा छाउनेछ । दिउँसोदेखि स्थिति अनुकूल बन्नाले नयाँ जिम्मेवारी प्राप्त हुनेछ । तर शुभचिन्तकहरूले साथ दिए पनि परिस्थितिले अलमल्याउन सक्छ । रोकिएका काम भने सम्पादन हुनेछन् ।

### मीन

आतिथ्य खर्चिलो भए पनि रमाइलो भेटघाट हुनेछ । सानो प्रयत्नले काम बन्नेछ । लगनशीलताले फाइदा दिलाउनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । दिउँसोदेखि जिम्मेवारीले व्यस्त बनाउनेछ र शरीरमा कमजोरी अनुभूति हुनेछ । गोपनीयता बाहिरिनाले पनि समस्या पर्न सक्छ । नियमित काम समेत दोहोर्‍याउनुपर्ला । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । सोचेअनुसार कामको मूल्यांकन हुनेछ । आफन्त तथा मित्रहरूको सहयोग मिल्नेछ ।

## एनआरएनए एसिया क्षेत्रीय सम्मेलन बैंककमा

काठमाडौं । १३ बुँदे घोषणापत्र जारी गर्दै गैरआवासीय नेपाली संघ एशिया प्रशान्त क्षेत्रीय, विज्ञ तथा महिला सम्मेलन सम्पन्न भयो । सम्मेलन गत अगष्ट २६ देखि २८ सम्म थाईल्याण्डको राजधानी बैंककमा आयोजना भएको थियो ।

सम्मेलनमा नेपाल सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुंवरको प्रमुख आतिथ्यता एवं सांसद डा. सूर्यप्रसाद पाठक, गण्डकी प्रदेशका पर्यटन मन्त्री माननीय मणिभद्र कंडेल, राष्ट्रिय समाबेसी आयोग सदस्य पुष्पराज तिमिल्सिना, राष्ट्रिय मानवअधिकार आयोग सदस्य लिली थापा, राष्ट्रिय मुस्लिम आयोग सदस्य मिर्जा अर्सद बेग, नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल, गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष भवन भट्ट, संस्थापक अन्तराष्ट्रिय संयोजक (महासचिब) भीम उदासलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरूसहितको उपस्थितिमा सम्पन्न भएको हो ।

क्षेत्रीय संयोजकद्वय पारमणी पोखरेल र डिपी कंडेलको संयोजकत्वमा आयोजित सम्मेलनको व्यवस्थापनको जिम्मा गैरआवासीय नेपाली संघ थाइल्याण्डले लिएको थियो ।

सम्मेलनमा ३० देशका तिन सय जना भन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको थियो । बिभिन्न बिषय प्रस्तोताहरूले आ-आफ्नो क्षेत्रसंग सम्बन्धित कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सम्मेलन सम्मानित श्रम बजार, गैरआवासीय नेपाली नागरिकता, विदेशबाट नै मताधिकार, सामाजिक सुरक्षा, पिएनओ साथै महिला तथा युवाहरू लगायत संघले लामो समय देखि पैरबी गर्दै आएका मुद्दाहरू र संघको संरचनागत सुधारको रुपमा केन्द्रीत रहेको थियो ।

सम्मेलनमा नेपाल सरकारका उच्च पदाधिकारीहरू, संघका अध्यक्षत्रय कुल आचार्य, रविना थापा. डा बद्री केसी, संस्थापकहरू, संघका पदाधिकारी तथा सदस्यहरू, एशिया प्रशान्त क्षेत्रका साथै अन्य क्षेत्रका राष्ट्रिय समन्वय परिषदका अध्यक्ष तथा प्रतिनिधिहरू, विभिन्न मुलुकका विज्ञहरू, अभियानकर्ताहरू, गैरआवासीय नेपालीहरू लगायत संचारकर्मीहरूको उपस्थितिमा सम्पन्न यस बैठक तथा ज्ञान सम्मेलनका निर्णयहरू निम्नानुसार रहेका छन् ।

१. दोस्रो विश्वयुद्धको समय देखि म्यानमार, मलेसिया, थाइल्यान्ड, सिंगापुर, फिजी लगायतका देशहरूमा रहेका करिव ६ लाख नेपाली मूलका पिएनओ (पिपल अफ नेपाली ओरजिन) हरूलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसहितको गैरआवासीय नेपाली परिचयपत्रको व्यवस्था गर्न यो सम्मेलन नेपाल सरकारसंग बिषेश अनुरोध गर्दछ ।

२. एनआरएनएले स्थापनाकालदेखि उठाउँदै गरेको गैरआवासीय नेपालीले नेपाली नागरिक सरह सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता हालै संसदबाट पारित भएको प्रति यो सम्मेलन खुशि व्यक्त गर्दै गैरआवासीय नेपालीहरूको नागरिकतालाई सुनिश्चित गर्न आवश्यक कानुनी व्यवस्था तत्काल गर्न नेपाल सरकार र सम्बन्धित निकाय समक्ष हार्दिक अनुरोध गरिन्छ ।

३. एसिया प्रशान्त क्षेत्रमा बसोवास गर्ने युवा महिला तथा दोस्रो पुस्तालाई संघको मुलधारमा समाहित गर्दै विदेशमा रहेका बालबालिकाहरूलाई नेपाली भाषा, लिपी, संस्कार र संस्कृति सिकाउने कार्य गर्न संघका सबै राष्ट्रिय समन्वय परिषदहरू यो सम्मेलन मार्फत प्रतिबद्धता जाहेर गर्दछ । समाचार संयोजक, एनआरएनएनेपालमा बिदेशबाट पढ्न आउनेहरूले पर्यटन भिषा लिएर जानुपर्ने अबस्था भएकोले सो को अनुकुल बाताबरणको लागि बिद्यार्थी भिषाको व्यबस्थाको लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गर्दछ ।

४. गैरआवासीय नेपालीहरूको लगानीलाई सुनिश्चित गर्नको लागि आवश्यक कानुनहरूलाई समयाअनुकुल परिमार्जित गर्दै गैरआवासीय नेपालीको लगानीलाई समेत नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउन आवश्यक पहलका लागि सरकार तथा सम्बन्धित निकायसँग अनुरोध गर्दछ ।

५. आगामी निर्वाचनमा विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकारको व्यवस्था मिलाउन आवश्यक ऐन, कानुन निर्माणका साथै नेपाली नागरिकताबाहक गैरआवासीय नेपालीले सम्बन्धित विदेशस्थित नेपाली कूटनीतिक नियोग वा अनलाईन मार्फत मतदाता नामावली दर्ता एवं मतदान गर्ने तथा राष्ट्रिय परिचयपत्रसमेत बनाउन सक्ने व्यवस्था मिलाउन सरकार तथा सम्बन्धित निकायलाई अनुरोध गर्दछ ।

६. हाल वैदेशिक रोजगारमा रहेका नेपालीको सुरक्षित भविष्यका लागि आवश्यक संयन्त्र बनाई सामाजिक सुरक्षा कोष कार्यान्वयन गर्ने तथा गन्तब्य देशसँग श्रम सम्झौता गर्दा अनिवार्यरुपमा सामाजिक सुरक्षामा आवद्ध गराउन अनुरोध गर्दछ ।

७. विदेशमा भएका तथा वैदेशिक रोजगारबाट फर्किएका नेपालीहरूको ज्ञान, सीप, प्रविधि र अनुभव नेपालको सर्बाङ्गिण विकासमा योगदान हुने गरी सो को सहज प्रयोगको लागि आवश्यकल संयन्त्र निर्माण तथा समन्वय गर्न यो सम्मेलन अनुरोध गर्दछ ।

८. संघले उद्दमशिलताको बिकास गर्न बिध्यालयस्तरबाटै पढ्दै कमाउँदै जस्ता मौलिक कार्यक्रमहरू संचालनमा ल्याउने योजनाको यो सम्मेलन सहर्ष स्वागत गर्दछ । साथै युवा तथा महिलाहरूको उद्यमशीलता अभिबृद्धिका लागि आवश्यक सहयोग गर्ने, महिला फोरम र युवाहरूको सकृयतामा शुरु भएको शीप विकास तालिमलाई निरन्तरता दिने र गैरआवासीय नेपाली अभियानको हरेक क्षेत्रमा महिला तथा युवाहरूको सहभागिता सुनिश्चित गराउन यो सम्मेलन प्रतिबद्धता जाहेर गर्दछ ।

९. नेपालको प्रमुख आर्थिक श्रोत बिप्रेशण (रेमिट्यान्स) लाई औपचारीक माध्यमबाट नेपाल पठाउने बाताबरण बनाउंदै त्यसको केही निश्चित अंश उत्पादनमा लगानी गर्नै पर्ने वातावरण मिलाउन नेपाल सरकार संघ बिच सहकार्य गर्ने यो सम्मेलन निर्णय गर्दछ । साथै समस्त गैरआवासीय नेपालीहरूलाई नेपालमा डलर खाता खोली नेपालमा देखिएको बैदेशिक मुद्राको न्यूनतालाई परिपुर्ती गरी सहयोग गर्न यो सम्मेलन अपील गर्दछ ।

१०. वैदेशिक रोजगारमा रहेका ससाना लगानी गर्न सक्ने नेपालीहरूलाई सामुहिक लगानीमा आवद्ध गराउनका लागि नेपाल सरकारसहितको संलग्नतामा संचलान गर्न लागिएको १० अर्बको लगानी कोष संचालनमा आवश्यक कानून यथासक्य छिटो परिमार्जन गर्न नेपाल सरकारलाई अनुरोध गर्दछ ।

११. मिलाप एसिया भेन्चरको स्थापना गरी नेपाली कोशेली उद्योगको स्थापना गरी नेपाली उत्पादनलाई अन्तर्राष्टिय बजारमा प्रवर्द्धन गर्नेछ ।

१२. यो सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न आयोजक राष्ट्र गैरआवासीय नेपाली संघ थाइल्याण्ड, प्रमुख अतिथि, बिशिष्ट अतिथिहरू अन्तर्राष्ट्रिय समन्वय परिषद्, यस क्षेत्रका सम्पूर्ण राष्ट्रिय समन्वय परिषदहरू, प्रायोजकहरू, आयोजक समितिका सदस्यहरू, स्वयंम्सेवीहरू, संचारकर्मीहरू लगायत सबै पक्षलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

## ९३ नेपालीलाई साउदी छोड्न आदेश

काठमाडौं । खाडी मुलुक साउदी अरबमा अवैधानिक रुपमा बसेका ९३ जना नेपालीले बहिर्गमन (एक्जिट) भिसा पाएका छन् । रियादस्थित नेपाली दूतावासका अनुसार ५ देखि ११ अगष्टसम्मको अवधिमा रियाद र दमामबाट एक्जिट भिसाका लागि प्रक्रिया थालिएकामध्ये ९३ जना नेपालीले सो भिसा प्रप्त गरेका हुन ।

साउदी अरेबियाका विभिन्न कम्पनी तथा प्रतिष्ठानहरूमा कार्यरत रहँदा साउदी आवासीय अनुमतिपत्र नबनाएका, नवीकरण नगरिएका वा हुरूब लगाइएका नेपालीहरूलाई स्वदेश फर्काउन आवश्यक भिसाका लागि दुतावासले साउदी अरब सबन्धित निकायमा अनुरोध गरेको थियो ।

जसअनुसार साउदी सरकारले ९३ जना नेपालीलाई सो भिषा उपलब्ध गराएर नेपाल फर्कने बातावरण तय गरिदिएको हो । एक्जिट भिसा लागेका नेपालीहरूले दूतावासबाट भिसा लिएर जान र ६० दिनभित्र अनिवार्य रूपमा साउदी अरब छोड्नसमेत रियादस्थित नेपाली दूतावासले निर्देशन दिएको छ ।

बचत गर्दा ध्यान दिऔं।

**बैंक, वित्तिय संस्था तथा सहकारीहरूमा रकम जम्मा गर्दै हुनुहुन्छ?**

त्यसो हो भने,

- त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं।
- बढी ब्याजको लोभमा नफसौं।
- ब्याजको लोभमा साँवासमेत नगुमाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Junket = सरकारी खर्चमा गरिएको मनमोजी घुमफिर His trip to Bangkok was not aimed at medical test but was merely a junket उसको बैंकक भ्रमणको उद्देश्य स्वास्थ्य परीक्षण गर्ने भनिए तापनि यो एउटा मनमोजी घुमफिर थियो ।

Knoll = गोलाकार सानो पहाड In order to reach the fort you have to climb a knoll किल्लामा पुग्ने हो भने तिमीले सानो गोलाकार पहाड चढ्नै पर्छ ।

Luxuriant = ढकमक्क । झकिझकाव । परिपूर्ण । खँदिलो । झाँगिएको Merry is very much beautiful with her luxuriant hair मेरी आफ्ना झागिंएको कपालको कारणले गर्दा निकै सुन्दर छिन ।

Militate = बाधा पुऱ्याउनु Your frequent absence in the meeting might militate your chances of being elected तिम्रो बारम्बार दोहोरिने अनुपस्थितिले निर्वाचित हुने तिम्रो सम्भावनालाई बाधा पुऱ्याउन सक्छ ।

Nurture = पुष्ट पार्नु । राम्ररी स्याहार गर्नु । हुर्काउनु It is difficult to nurture a tropical plant in a cold climate गर्मी ठाउँमा हुने बिरुवालाई जाडो ठाउँमा हुर्काउन गाह्रो हुन्छ ।

Ostentatious = अरूको ध्यान आफूतिर खिच्ने प्रवृत्ति । देखाउन पर्ने स्वभावको She dresses in a very ostentatious manner तिनी अरू आफूबाट आकर्षित होउन् भन्ने सोची त्यही अनुरुप लुगा लगाउँछिन् ।

Pervasive = सबैतिर फैलिने । सर्वव्याप्त Because of pervasive odor we could not stay for long in his room सर्वव्याप्त दुर्गन्धले गर्दा हामी उसको कोठामा धेरैबेर बस्न सकेनौं ।

Quiver = राम्ररी घोलियोस् भनी हल्लाउनु, थरथर काम्नु Being quivered with rage she slammed the door रिसले थरथर काम्दै उनले घड्याम्म ढोका लगाइन् ।

Reproach = असन्तोष वा अस्वीकृति His manners are above reproach उसको व्यवहारप्रति असन्तोष वा अस्वीकृति जनाउने ठाउँ नै हुँदैन ।

Scrutinize = गहनरुपले विश्लेषण गर्नु He wants to be perfect and scrutinize everything in detail ऊ खोटरहित बन्न चाहने हुँदा जे कुराको पनि गहिरियर विश्लेषण गर्दछ ।

## Build बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Build something = केही कुरा निर्माण गर्नु He builds every year a new house हरेक वर्ष उसले एउटा नयाँ घर बनाउँछ ।

Build of = ले बनेको This wall is built of stone यो ढुंगाले बनेको पर्खाल हो ।

Build from = बाट बनेको The temples are mostly built from terracota brick मन्दिरहरू विशेष गरी पोलेको इटाबाट बनेका हुन्छन् ।

Build out of something = जम्मा गरी बनेको Birds build their nests out of twigs चराहरूले सानातिना हाँगा जम्मा गरी आफ्नो गुण बनाउँछन् ।

Build on = मा निर्माण गर्नु Local authority has decided not to build anything on this site स्थानीय अधिकारीहरूले यस क्षेत्रमा केही पनि निर्माण नगर्ने निर्णय गरेका छन् ।

Build future = भविष्य बनाउनु Through business they built their future तिनीहरूले व्यापारबाटै आफ्नो भविष्य बनाए ।

Build career = वृत्ति विकास गर्नु He built a successful career as a teacher उसले शिक्षकका रुपमा आफ्नो वृत्ति विकास गऱ्यो ।

Build into = मा बनाउनु I want to build a cupboard into the wall म भित्ता खोपेर त्यसमा एउटा दराज बनाउन चाहन्छु ।

Build something on something = केही कुरामा आधारित भई तय गर्नु We build our hope on the strength of national economy राष्ट्रिय अर्थतन्त्रमा आधारित भएर हामीले हाम्रा अपेक्षाहरू तय गर्छौं ।

Build up = स्थापना गर्नु We have plan to build up a big library here यहाँ एक ठूलो पुस्तकालय स्थापना गर्ने हाम्रो योजना छ ।

### सुडोकु-अंक २७२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ५ | ६ | | ४ | | | | |
| | ३ | | | | ९ | २ | | |
| | | | ३ | | | | ६ | |
| ७ | | | ४ | ९ | | | | ३ |
| ६ | | | | १ | | | | ४ |
| ४ | | | | ३ | ५ | | | २ |
| | ७ | | | | ४ | | | |
| | | १ | ६ | | | | २ | |
| | | | | ८ | | ५ | ९ | |

### अंक २७१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ७ | १ | ४ | ५ | ६ | ३ | २ | ८ |
| ६ | ५ | ३ | १ | २ | ८ | ४ | ९ | ७ |
| ८ | ४ | २ | ७ | ३ | ९ | ५ | १ | ६ |
| ५ | ६ | ४ | ८ | १ | २ | ७ | ३ | ९ |
| १ | ८ | ७ | ३ | ९ | ४ | ६ | ५ | २ |
| ३ | २ | ९ | ६ | ७ | ५ | ८ | ४ | १ |
| २ | १ | ८ | ५ | ४ | ७ | ९ | ६ | ३ |
| ४ | ९ | ६ | २ | ८ | ३ | १ | ७ | ५ |
| ७ | ३ | ५ | ९ | ६ | १ | २ | ८ | ४ |

# FULL-SERVICE SHIP AND WATERPARK TELL

There is a full-service ship, named *Mujigae*,plying between Okryu and Taedonggang bridges on the picturesque TaedongRiver in the central part of Pyongyang, the capital city of the Democratic People's Republic of Korea.

The sightseeing vessel can accommodate over a thousand guests at a time, and offers Korean and famous foreign dishes. It has a variety of service facilities such as a Korean restaurant, coffee house, soft drinks stand, revolving restaurant and shop.

Saying that if a full-service ship furnished with various service and cultural facilities was built and put between Okryu and Taedonggang bridges on the TaedongRiver, it would serve as another cultural recreation centre for the people, Kim Jong Un, President of the State Affairs, went over its designs several times and solved problems arising in its building. Then he proposed naming it *Mujigae*(Rainbow).

One day in September 2015, he visited the newly-built ship and said: I feel relieved of the accumulated fatigue as I think that people will enjoy themselves cruising the Taedong on board it; I am happiest when the assets for the wellbeing of the people is created one after another.

There is also the MunsuWaterPark. Sprawling 109 000 square metres on the bank of the TaedongRiver, the modern water park consists of indoor and outdoor pools with different slides, gym and other facilities. People can enjoy themselves there all year round.

Kim Jong Un personally proposed its construction and chose its site.

He paid close attention to all the details–taking measures against the winter cold, providing facilities and ensuring the best service for the people.

According to a designer who was engaged in the water park project, once Kim Jong Un examined the formation plan of the park at dawn and visited the construction site again early in the morning. In this way he went over as many as 113 formation plans for the water park.

**Nursery at the Pyongyang Kim Jong Suk Silk Mill**

These are the children of the nursery at the Pyongyang Kim Jong Suk Silk Mill in the capital city of the Democratic People's Republic of Korea. They are growing up in good health under the close concern of the nurses while receiving education for intellectual development.

In the DPRK, children are taken care of at the expense of the state and society at nurseries, kindergartens and other service facilities built in residential areas, factories and enterprises, so that their mothers work free from any worries.

**Schoolchildren in New School Uniforms**

These are primary school students in the Democratic People's Republic of Korea,who have been provided with new smart school uniforms at the expense of the state.

**Striped Jacket–Korean National Costume for Children**

Striped jacket, theKorean national costume for children,gives pleasure to viewers for its beautiful and attractive colours, patterns and forms.


**Learning How to Use the Abacus**

In the Democratic People's Republic of Korea learning how to use the abacus is quite popular among the children at kindergartens and primary schools.Frequent use of the abacus remarkably improves their memory, ability of fast reading, thinking and imaginative power.




















## दलनायक...

बढाएका छन् । तसर्थ ती मालिकले जसलाई 'सत्य' भन्छन्, त्यो सत्य 'बहुमत' नामको अंकगणितले पुष्टि गर्छ । नेपाल सुरक्षित रहनुपर्छ भन्नेहरू मिथ्या ठहरिएका छन् । यस्तो पीडा हरेक कमजोर राष्ट्रले भोग्नुपर्छ ।

महाकाली सन्धि गरेमा नेपाललाई हरेक साल अर्बौं रूपैयाँ प्राप्त हुनेछ भन्ने एकजना कम्युनिस्टले अहिले आएर महाकाली सन्धि गरेर गल्ती गरिएछ भनेका छन् । गल्ती गरेर खल्ती भरे पनि वा खल्ती भरेर गल्ती गरे पनि नेपाली राजनीतिमा अक्षम्य मानिँदैन ।

नेपालका उच्चपदस्थहरूको व्यक्तिगत विवरण (डोसिअर) राख्ने चलन राणाकालमै सुरु भयो । २००७ सालपछि काठमाडौंस्थित अमेरिकी दूतावासले समेत त्यसरी डोसिअर राखेको पाइन्छ । योग्य व्यक्ति चयन गरेर तद्नुरूप दायित्व दिने मानिस पहिले त आफू योग्य हुनुपर्छ । असल र योग्य छान्न कलेजको 'नलेज' नभए पनि हुन्छ भन्ने कुरा राजा महेन्द्रले प्रमाणित गरे । उनले पचासौं क्षेत्रमा योग्य व्यक्ति छानेर जिम्मेवारी र पुरस्कार दिए । घर/परिवार पाल्ने चिन्ताबाट त्यस्ता व्यक्तिलाई मुक्त गराउन पर्याप्त चल-अचल सम्पत्ति दिए । अभिभावक, पुर्खा र इतिहासले सत्य मानेका शाश्वत सत्यलाई आजका कतिपयले मिथ्या ठान्छन् । 'मिथ्या मेव जयते' सदैव मिथ्या हुन्छ । दलनायक, गुटनायक, जातनायक, भ्रष्टनायक र नालायकहरूलाई राष्ट्रनायकको हाराहारीमा उभ्याउने भूल गरेका जनताले आज पश्चाताप गरिरहेका छन् ।

२०४६ साल र २०६३ सालपछिका दृश्यहरू सिंहावलोकन गर्दा खुसी हुनेहरू थोरै छन् । पदमा पुगेर वा सत्ताको स्वाद चाखेर लुट्न सक्नेहरू बाहेक अरू त आफ्नै यत्नले जीवन चलाइरहेका छन् । 'महिनावारी' भनिने तलव इमानदारका लागि जाडोको छोटो सिरक जस्तो हुन्छ । यता तान्यो, उता हुँदैन, उता तान्यो यता हुँदैन । सरल, सज्जन र इमानदार जनताले जतिसुकै दुःख गर्दा पनि 'खुसी' बेरुजु निस्कन्छ ।

'सेना राजनीतिबाट टाढा बस्छ र सरकारको आदेश पालना गर्छ' भन्ने गीत अब थोत्रो र पुरानो भइसक्यो । राष्ट्र र त्यसका हरेक राज्यसंयन्त्र राजनीतिले विकृत बनेका छन् । सेनालाई आदेश दिने ठाउँमा राष्ट्रघातीको बाहुल्य भयो भने त्योबेला सेनाले राष्ट्र र सरकारमध्ये एउटा कित्तामा उभिनैपर्छ । राष्ट्रिय स्वाभिमान र जागिरमध्ये एउटा मात्रै रोज्नुपर्ने अवस्थामा कुन रोज्छन्, राष्ट्रिय सुरक्षाका मठाधीशहरूले?

'डेमोक्रेसी' नामको टुनामुना लगाएर सिक्किमलाई भारतमा गाभिँदा सिक्किम बचाउन अन्तिम क्षणसम्म लडिरहे, १९ वर्षका वसन्तकुमार क्षत्री । नेपालमा त्यस्ता व्यक्ति कति होलान्? सुडान, इन्डोनेसिया, इथियोपिया आदि राष्ट्र टुक्र्याउँदा साहसपूर्वक बोल्ने कति थिए? नेपालमा राजदरवारले पालेका र हुर्काएका धेरैले मध्यरातमा मालिक फेरे ।

आजको अवस्थामा राष्ट्रघाती र राष्ट्रवादी चिन्न नसक्ने, राष्ट्रघातीलाई काखी च्यापेर राष्ट्रवादीलाई सताउने तथा गुप्तरूपले विदेशीका लागि काम गर्ने टाठाबाठाहरू हरेक ठाउँमा छन् । त्यसैले सार्वभौमसत्ताको मालिक जनता नै हो भन्ने कथन प्रहसनको सम्वाद जस्तो बनेको छ ।

सत्तरी हजार हेक्टर नेपाली भूभाग मिचिँदा किन बोलेनन्, राष्ट्रका रक्षकहरू? राष्ट्रघातीका अंगरक्षक बन्न गर्व गर्नेहरू किन राष्ट्रको अंगरक्षक र संरक्षक हुन सकेनन? हजारौंको हत्या गर्नेहरूलाई सलाम ठोक्दा किन यिनीहरूको मुटु पोल्दैन? लाखौं विदेशीलाई राष्ट्रपति, प्रधानमन्त्री, सेनापति लगायतका आसनमा सजिलै विराजमान गराउन सकिने नागरिकताको जालझेल के नेपालका लागि हितकारी छ? राष्ट्रको सर्वोच्च हितमा समेत निरर्थक बहस किन? यी सबै विद्रुप दृश्य हेरिरहेका जनताले पुनः राष्ट्रघातीहरूलाई नै राष्ट्रको सर्वस्व सुम्पिने निर्णय गरे भने त्यसपछि उनकै सन्तानले विदेशीको बुट खाने अवस्था आउन सक्छ ।

## सुरू भयो...

बिरुडाको प्रयोग गरिन्छ । पुत्रदा एकादशीको ब्रत बसिसकेपछि भाद्र महिनाको बिरुडा पञ्चमीदेखि गौरा पर्व विधिवत् रूपमा सुरु हुन्छ । सप्तमी र अष्टमीलाई गौराको विशेष दिन मानिन्छ । सप्तमीका दिन नजिकैको धान खेतमा गएर धानसँगै उम्रिएको साउँ (धानजस्तै देखिने घाँस)बाट गौराको प्रतिमा बनाई 'गौराघर' मा भित्रयाइन्छ ।

अष्टमी अर्थात् गौराष्टमीका दिन पूजाआजा गर्दै, मंगलगानका साथ गौरा नचाइन्छ । त्यसै क्रममा गौरालाई गौराघरको आँगनमा ल्याएर राखिन्छ, त्यहाँ अठवाली गीत, चैत, धमारी, राजामहाराजाका वीरगाथाका साथमा नचाउने गरिन्छ । यस दिनदेखि ठाउँठाउँमा देउडासमेत खेलिने चलन छ ।

प्राचीन कालदेखि नै पर्वतराज हिमालय र मेनकाकी पुत्रीका रूपमा भगवान् शिवकी अर्धांगिनी शक्तिस्वरूपा पार्वती (गौरी) लाई गौरा देवीको रूपमा पूजा-अर्चना गरिँदै आएको पाइन्छ । तिनै शिवगौरीको स्थानीय लोकरीतिअनुसार पूजा-अर्चना गरिने पर्व नै गौरा हो । यो पर्व अगस्ति ताराको उदयका हिसाबले शुक्ल या कृष्ण दुवै पक्षमा पर्छ । शुक्ल पक्षमा परेको गौरालाई उज्याली गौरा भनिन्छ भने कृष्ण पक्षमा परेको गौरालाई अन्यारी गौरा भनिन्छ । यी दुवै गौरालाई अति पवित्र मानिए पनि उज्याली गौरालाई विशेष महत्वका साथ हेर्ने गरिनछ ।

## विश्व...

यसका लागि तयार रहनुपर्दछ ।'' विश्वमा यसको सङ्क्रमणको पछिल्लो अवस्था हेर्दा घट्दै गएको तथ्याङ्कले देखाउँछ । साप्ताहिक रुपमा गरिने यसको गणनाअनुसार पछिल्लो हप्तामा यसको संक्रमण ५३ लाख मानिसमा भएको देखिएको छ ।

## नैतिक...

५ वर्षको सीमा राखिएपछि अर्को वर्ष ऐन संशोधन गरेर संविधानअनुकूल बनाइएको हो । तर ०३७ पुस १ मा गरिएको संविधानको तेस्रो संशोधनले नेपालीसँग विवाह गरेकी विदेशी महिलाले विदेशको नागरिकता त्यागेपछि वैवाहिक अंगीकृत नेपाली नागरिकता पाउन सक्ने बनाइयो । २०३८ सालमा नागरिकता ऐनलाई पुनः संशोधन गर्दै विदेशको नागरिकता त्याग गरेपछि नेपालीसँग विवाह गरेकी विदेशी महिलाले वैवाहिक अंगीकृत नागरिकता पाउन सक्ने प्रावधान राखियो ।

२०४६ सालको जनआन्दोलनले देशमा प्रजातन्त्रको पुनर्वहाली गऱ्यो । ०४७ सालमा बनाइएको संविधानले वैवाहिक अंगीकृत नागरिकताका हकमा थप खुकुलो प्रावधान राख्यो । त्यतिन्जेलसम्म विदेशको नागरिकता त्याग गरेपछि नेपालको नागरिकता पाउन सक्ने व्यवस्थालाई बदलेर नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नेपालको नागरिकता प्राप्त गर्न सक्ने बताइयो । यस्तो संवैधानिक व्यवस्थासँग मिलाउन नागरिकता ऐन २०२० लाई २०४९ सालमा संशोधन गरी नेपाली नागरिकसँग भएको विवाह र विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सासहित निवेदन

दिएपछि वैवाहिक अंगीकृतको नागरिकता प्राप्त गर्न सक्ने प्रावधान राखियो । त्यस्तो व्यवस्थालाई त्यसपछिका संविधान र कानुनले कुनै न कुनै रुपमा निरन्तरता दिइएकोमा ०७५ मा राज्य व्यवस्था तथा सुशासन समितिले सात वर्षको प्रावधान राखेर रोक्न खोजेको थियो ।

अब यो विधेयक पुनः प्रतिनिधिसभाका सभामुखले प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालय शितलनिवासमा पठाउनेछन् । यसरी दोस्रो पटक दुवै सदनबाट पारित भएर आएको विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्नैपर्ने संवैधानिक व्यवस्था छ । राष्ट्रपतिले १५ दिनभित्रमा विधेयकलाई प्रमाणीकरण गरी प्रतिनिधिसभामा पठाउनुपर्नेछ । यसले राष्ट्रपतिलाई नैतिक कठघरामा उभ्याइदिएको छ । उनले प्रतिनिधिसभालाई १५ बुँदे सन्देशसहित फिर्ता पठाएको विधेयक फेरि उनैले यथास्थितिमा प्रमाणीकरण गर्नुपर्ने बाध्यता आएको छ । अब राष्ट्रपतिले कुनै कानुनी उपचारतर्फ लाग्ने हुन् कि सर्लक्क विधेयकलाई प्रमाणीकरण गरिदिने हुन् बहुप्रतिक्षित बनेको छ । अहिले पनि देशघाती यो नागरिकता विधेयकविरुद्ध विभिन्न राजनीतिक दलहरू र नागरिक समाजले विरोध गरिरहेका छन् । साथै सडक संघर्षलाई समेत तेज गरिरहेका छन् ।

## स्याम्पल...

सर्टिफिकेट दिने कार्य अहिले व्यापक भएको व्यवसायीहरूबीच व्यापक चर्चा चल्दा पनि कृषि मन्त्रालयका अधिकारीहरू विभागमाथि निगरानी राख्नबाट बेखबर छन् ।

दशैंका मुखमा व्यापक रुपमा खाद्य सामग्रीको नमुना संकलन गरी रिपोर्ट दिने बहानामा व्यापारीसँग पैसा उठाउन विभागभित्र एउटा टोली नै बनाइएको चर्चा अहिले विभागभित्रै छ । विभागभित्र अहिले निमित्त महानिर्देशकको कार्यभार सम्हालिरहेका खाद्य प्रविधि विशेषज्ञ शैलैशकुमार झाले सेटिङमा आफ्ना निकटस्थ अधिकृतहरूलाई खटाई माथिसम्म दशैं खर्च पुऱ्याउने बहानामा करोडौंको असुली गरिरहँदा अख्तियारले विभागमाथि दशैं तिहारमा कडा निगरानी राख्नुपर्ने विचार विभागकै सिधा सोझा कर्मचारीहरूको रहेको छ ।

## ऋषिपञ्चमी...

भीड लाग्ने गर्छ । महिलाले नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई तीन सय ६५ वटा दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो एवं खरानी लगाई स्नान गरे । स्नानेपछि अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गर्ने गरिन्छ । जसलाई ऋषिपञ्चमीको पूजा लगाउने भनिन्छ । सप्त ऋषिको पूजा गर्ने पञ्चमी भएकैले आजको पञ्चमीलाई ऋषिपञ्चमी भन्ने गरिएको हो ।

## जिटुजी...

अन्योलको अवस्थामा छन् । नेपाली युवाहरूलाई जापानमा रोजगारीका लागि लैजाने समझदारीपत्रमा हस्ताक्षर भएलगत्तै तयारी थालेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ठोस कदम चाल्न सकेको छैन । जसका कारण जापान जान तयार भएका कामदारहरू जान पाएनन् । गत साउन १९ गते दुई देशबीच काठमाडौंमा दोस्रो बैठक बसेर जापानमा केयरगिभर, कृषि, निर्माणक्षेत्र र रेस्टुरेण्टमा कामदार पठाउने निर्णय गऱ्यो । तर, मन्त्रालयले अझै आवश्यक कार्यविधि बनाउन सकेको छैन । बैठकमा स्पेसिफाइड स्किल वर्कर (एसएसडब्ल्यू) प्रणाली कार्यान्वयन गरी नेपाली नागरिकलाई जापान पठाउन सरकारले कार्यविधि बनाउनुपर्ने भए सो कार्य गर्न जापानले औंल्याएको थियो ।

नेपाल-जापान संयुक्त कार्यसमितिको बैठकले नेपालले गर्नुपर्ने तयारी गर्न र रोजगारीका लागि जापानले त्यहाँका रोजगारदाताहरूलाई जानकारी दिने र कामदारको माग गर्ने जनाए पनि अहिलेसम्म कुनै सन्देश नआएको मन्त्रालयले जनाएको छ । एसएसडब्लु प्रणालीमार्फत विभिन्न १४ वटा व्यावसायिक क्षेत्रमा रोजगारीका लागि नेपालीलाई लैजान सकिने जापानले जनाएको छ ।

## सरकारको...

बढेर प्रतिव्यक्ति ६८ हजार ९ सय ७ रुपैयाँ पुगेको छ । राष्ट्र बैंकको प्रारम्भिक तथ्यांकमा यस्तो औंल्याइएको हो । जसलाई हाल देखिएको २० खर्ब ११ अर्ब ५८ करोड रुपैयाँ सार्वजनिक ऋणलाई नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० जनामा भाग लगाउँदा प्रतिव्यक्ति ऋणको भार जनही ६८ हजार ९ सय ७ रुपैयाँ पुगेको छ ।

नेपालले हाल तिर्न बाँकी कुल ऋणमध्ये वैदेशिक ऋणतर्फ १० खर्ब २७ अर्ब ३० करोड रुपैयाँ र आन्तरिक ऋण ९ खर्ब ८४ अर्ब २८ करोड रुपैयाँबराबर रहेको छ । यसरी निरन्तर सार्वजनिक ऋण भारको अंक बढ्दै गए पनि सरकारले घाटा बजेट ल्याउने र ऋण उठाएर स्रोत देखाउने प्रवृत्तिलाई भने अझै कायमै राखेको छ ।

आगामी आर्थिक वर्षमा सरकारले ४ खर्ब ९८ अर्ब २६ रुपैयाँबराबर ऋण उठाउने चालू आवको बजेटमा उल्लेख गरेको छ । जसमध्ये आन्तरिक ऋणबाट २ खर्ब ५६ अर्ब र वैदेशिक ऋणबाट २ खर्ब ४२ अर्ब २६ रुपैयाँबराबर उठाउने लक्ष्य सरकारको छ । गत आर्थिक वर्ष २०७८-७९ मा सरकारले २ खर्ब ३१ अर्ब ३० करोड रुपैयाँ आन्तरिक ऋण परिचालन गरेको देखिन्छ । सोही अवधिमा ४७ अर्ब ३३ करोड रुपैयाँ साँवा भुक्तानी गरेको छ ।

राष्ट्र बैंकका अनुसार नेपालको कुल गार्हस्थ उत्पादनसँग सार्वजनिक ऋणको अनुपात ४१.५ प्रतिशतबराबर पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ४०.६ प्रतिशत थियो । नेपालको सार्वजनिक ऋण पछिल्लो ५ वर्षमा दोब्बर र ९ वर्षमा ४ गुणाले बढेको देखिएको राष्ट्र बैंकले जनाएको छ ।

अमेरिकी डलरलगायत विदेशी मुद्रासँग नेपाली मुद्रा निरन्तर अवमूल्यन हुँदै गएकाले ऋण तिर्दा नेपाललाई अतिरिक्त भार थपिँदै गएको छ । विनिमय दरमा देखिएको उतार-चढावका कारण मात्रै गत आर्थिक वर्ष २०७८/७९ को चैत मसान्तसम्ममा नेपाललाई १९ अर्ब ३७ करोड रुपैयाँबराबर अतिरिक्त दायित्व थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

आन्तरिक ऋण परिचालन गर्दा वैदेशिक रोजगारीमा गएका नागरिक गैरआवासीय नेपालीलाई लक्ष्य गरी ऋणपत्र जारी गरिने योजना सरकारको छ । चालू आवको बजेटले 'मध्यमकालीन ऋण व्यवस्थापन रणनीति- २०७८-८१' का आधारमा वार्षिक ऋण योजना बनाई कार्यान्वयन गरिनेसमेत उल्लेख गरेको राष्ट्र बैंकले जनाएको छ ।

## सम्पत्ति...

सम्पत्ति जोखिममा पर्न सक्ने भएकाले पुँजी पलायनको सम्भावना बढ्छ । अनौपचारिक अर्थतन्त्रको आकार बढ्दै वित्तीय र मौद्रिक नीतिको प्रभावकारितामा समेत चुनौती थपिँदै जान्छ ।

## विलासिता...

सामान आयातमा लगाइएको प्रतिबन्ध आगामी २८ असोजसम्मका लागि कायम राखिएको हो । बढ्दो आयात घटाएर वैदेशिक मुद्रा सञ्चिति दरको हालको अवस्थामा केही सुधार ल्याउने उपायअनुसार सरकारले आगामी २८ असोजसम्म विलासिताका वस्तु आयातमा लगाइएको प्रतिबन्धलाई निरन्तरता दिने निर्णय गरेको छ । यसअघि सरकारले विभिन्न १० प्रकारका वस्तुमा आयात प्रतिबन्ध लगाएको थियो । अहिले चार किसिमका बाहेक ६ प्रकारका विलासिताका वस्तुका रूपमा हेरिएको खाद्यपदार्थलगायत सबै आयातको प्रतिबन्ध खुला गरिदिएको छ ।

## टी-२०

योगदान दिए । बलिङतर्फ नेपालका सन्दीप लामिछाने र बसिर अहमदले दुई/दुई विकेट लिए । रोबीको जिमखाना क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ७५ रन बनायो । नेपालका लागि ज्ञानेन्द्र मल्लले ५९, रोहित पौडेलले ४७, अर्जुन साउदले २९ र दीपेन्द्रसिंह ऐरीले २२ रन बनाए । बलिङतर्फ केन्याका भिराज पटेल, शेम एनगोचे र नेहेमिह ओधिआम्बोले दुई-दुई विकेट लिए ।


# मेरो प्रतिबद्धता

**आगामी संघीय संसदीय चुनावमा काठमाडौं क्षेत्र नं. १ का मतदाताहरूसमक्ष मेरो प्रतिबद्धता निम्नानुसार हुनेछ :**

१. सांसदको हैसियतमा मैले राज्यबाट कुनै भत्ता, सुविधा, औषधोपचार लगायतका अर्थसम्बन्धी कुनै पनि कुरा लिने छैन ।

२. २०४६ सालपछिका लाभका पद धारण गरी नवसम्भ्रान्त बन्न पुगेका राष्ट्रपति, प्रधानमन्त्रीदेखि लिएर वडा तहसम्मका राजनीतिकर्मीहरूको सम्पत्ति जाँचबुझ गरी स्रोत नखुलेको सबै सम्पत्तिहरू राष्ट्रियकरण गर्ने अभियानको संसद र सडकबाटै नेतृत्व गर्नेछु ।

३. राजनीतिलाई पेसा नभई देश र जनताको मुहार फेर्दै देशलाई समृद्धितर्फ डोऱ्याउने उत्कृष्ट समाजसेवाको रूपमा स्थापित गर्न वर्तमानदेखि भूतपूर्व राष्ट्रपति र वडा सदस्यहरूले पाउने सबै भत्ता सुविधाहरू खारेज गर्ने अभियानको नेतृत्व संसद र सडक दुवै ठाउँबाट गर्नेछु । राज्यलाई दिन र दिलाउन सक्नेले मात्रै नामको लागि राजनीति गर्ने संस्कारको विकासमा लाग्नेछु ।

४. महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख खरबौंको बेरूजु सरकारी बक्यौतासरह असुल्ने अभियानको नेतृत्व गर्नेछु ।


५. सहमति भई कार्यान्वयनमा आउन नसकेका महाकालीलगायत सबै जलविद्युत् योजनाजस्ता सन्धि, सम्झौता तथा सहमतिहरू खारेज गरी त्यस्ता सबै योजनाहरू स्वदेशी पुँजीबाटै निर्माण गर्ने अभियानको नेतृत्व गर्नेछु ।

६. राजनीतिमा सादापन, सक्षमता, पारदर्शिता, योग्यताको कदर गर्ने परम्पराको विकास गरी राम्रो जति मात्रै हाम्रो हुने संस्कारको विकासको लागि प्रयत्नरत हुनेछु ।


७. बालबालिका, महिला, आदिवासी, उत्पीडित जाति जनजातिको अधिकार स्थापित गरी उनीहरूको सामाजिक विकासमा आफूलाई सक्रिय राख्नेछु ।

**सुरेन्द्र ढकाल**
**उम्मेदवार, चुनाव क्षेत्र नं. १ काठमाडौं**
**नेकपा (माले)**

- राजनीतिलाई पेशा होइन राष्ट्र र जनताको मुहार फेर्ने सेवाको रूपमा स्थापित गरी आमगरिबी र निरक्षरताको निर्मूल गरौं ।
- देशबाट लिने होइन देशलाई दिन र दिलाउन सक्नेले मात्रै राजनीति गरौं ।
- राजनीतिमा हाम्रो मान्छे राम्रो होइन राम्रो, सादगी र सक्षम मान्छे हाम्रो हो भन्ने मान्यता स्थापित गरौं ।
- देशको भूराजनीतिक संवेदनशीलता, असंलग्नता र पंचशीलको मूल्य र मान्यता बुझ्ने नेपाल चिन्तनमा आधारित देशभक्त नेतृत्वलाई स्थापित गरौं ।
- पर्यावरणप्रेमी विकासलाई अघि बढाऔं, आउने पुस्ताको लागि पनि हिमाली क्षेत्र र माता पृथ्वीलाई सुरक्षित राखौं
- स्थानीय उत्पादन, पर्यटन र नविकरणीय ऊर्जाको प्रवर्द्धन गरी व्यापार घाटाको चंगुलबाट देशलाई मुक्त गरौं ।
- एक स्थानीयस्तर एक विशेष उत्पादनलाई यथार्थमा परिणत गरी देश भित्रै आमरोजगारीको सिर्जना गरौं ।
- निजामती, सैनिक, प्रहरी, शिक्षा, स्वास्थ्य लगायत सबै पेशागत सेवाहरूलाई राजनीतिबाट तटस्थ राख्दै दक्ष बनाऔं ।
- अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण गर्ने प्रवृत्ति त्यागी दण्डहीनताको अन्त्य गरौं ।
- नेपाललाई बौद्ध र हिन्दुधर्मको मक्का मदिना र भेटिकन जस्तै अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रूपमा विकास गरौं ।
- राज्यले नागरिकलाई दिनुपर्ने सबै अत्यावश्यक सेवा प्रदायकको रूपमा स्थानीय सरकारलाई चुस्त र दुरुस्त बनाऔं ।
- प्रदेश खारेज गरी आधारभूत संघीयता प्रवर्द्धन गरौं ।
- नेपाललाई टिष्टा कांगडा सहितको विशाल शान्ति क्षेत्र बनाउने अभियानमा अघि बढौं ।





**सुरेन्द्र ढकाल**
**उमेदवार, काठमाण्डौ**
**निर्वाचन क्षेत्र नं १**
**(नेकपा माले)**